# परिच्छेद एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

नेपालको कूल जनसंख्याको करिब १० प्रतिशत जनसंख्या कुनै न कुनै रुपमा अपाङ्ग भएको पाइन्छ ।(तथ्याङ्क पुस्तिका:२०६८:४) शिक्षालाई राष्ट्रिय विकासको एउटा प्रमुख अङ्गको रुपमा विकास गरिएको वर्तमान युगमा विशेष बालबालिकाहरुलाई पनि शिक्षामा समूचित ध्यान पुऱ्याउनु राज्यको प्रमुख कर्तव्य मानिन्छ । दृष्टिविहीन भन्नाले सामान्य मानिस वा बालबालिकाहरु समान आँखा देखेर बाहिरी भौतिक संसार र आफ्ना बास्तविक शारीरिक बनावटको र अन्य कुनैपनि वस्तुको बास्तविक आकृतिको पहिचान गर्न र भन्न नसक्ने अवस्थामा रहेको आँखाको हेर्ने क्षमता नभएको तथा कमी भएको अवस्थालाई बुझाउँछ ।

समाहित शिक्षा भन्नाले अन्य सबल बालबालिकाहरु सरह समान रुपमा एकै किसिमको शिक्षा प्रदान गर्न पिछडीएको समुदाय तथा विशेष आवश्यकता भएका दृष्टिविहीन लगायत अन्य बालबालिकाहरुलाई उनिहरुको रुची, चाहना, इच्छा र आवश्यकता अनुरुपको शिक्षा दिइने कायक्रम लाई बुझाउँछ । फरक फरक गुण, क्षमता र अवस्था भएका बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याई सबैलाई साक्षर, सवल, आत्मनिर्भर बनाउने उद्देश्यले प्रदान गरिने शिक्षालाई समाहित शिक्षा भनिन्छ (आचार्य,२०५५:३२) । यसबाट समाहित शिक्षा भन्नाले सवल बालबालिकाहरु सँगै दृष्टिविहीन तथा अन्य शारीरिक, मानसिक अवस्था कमजोर भएका बालबालिकाहरुलाई सो सरहको दिइने शिक्षा भन्ने बुझाउँछ ।

दृष्टिविहीन बालबालिका भन्नाले "यदि कुनै बालकले दुवैआँखा खोली एकमिटर दुरीमा रहेका औलाहरु गन्न सक्दैन भने त्यसलाई बुझाउँछ । यदि कुनै बालबालिकाले दुवैआँखा खोली ३ मिटरको दुरीमा रहेको औलाहरु गन्न सक्दैन भने उसलाई दृष्टि क्षमता कमिभएको भनिन्छ (शिक्षा विभाग,२०५७: ३६)।" यसबाट दृष्टिविहीन बालबालिका भन्नाले पुर्णरुपमा आँखा नदेख्ने मात्र नभई अलिअलि आँखा देख्ने तर वस्तुको आकृति र आकार झट्ट पहिचान गर्न नसक्ने बालबालिकाहरुलाई समेत जनाउदछ ।

एकिकृत शिक्षा भन्नाले धेरैजसो हल्का र मध्यम खाले अपाङ्ग बालबालिकाहरु र पूरै दृष्टिविहीन बालबालिकाहरुलाई साधारण विद्यालयमा राखी अध्यापन गराउन सकिन्छ त्यसका लागि विशेष शिक्षक, विशेष कक्षा र विशेष सामग्रिको व्यवस्था भएको बालबालिकाहरुलाई खासखास विषय

पढाउँदा विशेष कक्षामा राखी पढाउने र अन्य अवस्थामा साधारण कक्षा पढाउने र विद्यालयका अन्य क्रियाकलापमा सरिक गराई अन्य बालबालिकाहरु सरह आत्मविस्वासको भावना जागरण गराउन सकिने किसीमले दिईने शिक्षालाई एकिकृत शिक्षा भनिन्छ र त्यसरी शिक्षा प्रदान गर्दै आएको विद्यालयलाई एकिकृत विद्यालय भनिन्छ (आचार्य, २०५७:५४)। यसरी दृष्टिविहीन बालबालिकाहरुलाई अन्य सवल बालबालिकाहरु सँगै राखेर शिक्षण गर्ने कार्यलाई जनाउँदछ ।

यस्ता दृष्टिविहीन, सुस्तस्रवण, सुस्त मनस्थिति भएका बालबालिका वा अन्य व्यक्तिलाई दिइने शिक्षालाई विशेष शिक्षा भनिन्छ । अर्थात शारीरिक तथा मानसिक रुपले कमजोरहरुलाई दिइने विशेष किसिमबाट तर्जुमा गरिएको शिक्षा कार्यक्रमलाई विशेष शिक्षा भनिन्छ । यो शिक्षा अन्य सपांगलाई दिइने शिक्षा भन्दा फरक किसिमको हुन्छ र अध्यापनका दृष्टिले पनि यो ज्यादै कठीन किसिमको शिक्षा हो । कानुनीरुपमा भन्नुपर्दा शिक्षा ऐन, २०२८ को चौथो संसोधन (२०४५) बाट सर्वप्रथम विशेष शिक्षाको व्यवस्था भएको देखिन्छ । ऐतिहासिक रुपमा हेर्दा विशेष शिक्षाको प्रारम्भ भने वि.सं. २०२१ फाल्गुण देखि कीर्तिपुर स्थित लेवोरेटोरी मा.वि मा ८/९ जना दृष्टिविहीन विद्यार्थी भर्ना गरी एकीकृत शिक्षा कार्यक्रम कार्यान्वयन भएदेखि नै भएको मान्नु पर्दछ । यसको लगतै २ वर्षपछि वि.सं. २०२३ सालमा बालमन्दिर नक्सालमा बहिराहरुको लागि एउटा विद्यालय स्थापना भयो । पछि वि.सं.२०२६ मा नेपाल दृष्टिविहीन अपांगसंघको स्थापना भएपछि अपांगहरुको लागि जोरपाटिमा विशेष विद्यालय तथा व्यवसायिक तालिम केन्द्र (हालको नवजीवन केन्द्र ) को स्थापना भयो । यसको अझ बढी विकास भने रा.शि.प.यो २०२८ बाट हुनपुग्छ जसको प्रत्यक्ष प्रमाण विशेष शिक्षा परिषद् ( २०३०) को गठन मान्न सकिन्छ । विशेष शिक्षाको विकास र विस्तारको लागि सरकारले डेनिस सरकारसँग सम्झौता गरी २०५० सालदेखि राष्ट्रिय  बिशेष शिक्षा कार्यक्रम संचालन गरेको र आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू भएका जिल्लाहरुमा क्रमश: लागू गर्दै जाने लक्ष्य यसले लिएको पाईन्छ (आचार्य, २०५५:४०४) ।

“विशेष समस्याको वावजुद पनि विशेष शिक्षा परिषद् अगाडि बढी रहेको अवस्थामा वि.स. २०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को स्थापना भए पश्चात विशेष शिक्षाका सवै कार्यक्रमहरु उक्त परिषद्को छातामुनी रहन पुग्यो । त्यस पश्चातका दिनहरुमा विशेष शिक्षा निश्कृय हुन पुगेको थियो । यस्तो अवस्थामा गुज्रिरहेको विशेष शिक्षाले अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष सन् १९८१ ( वि.स. २०३८) मनाए पश्चात पुनः प्रगति तर्फ लागेको देखिन्छ” (आयोगको प्रतिवेदन २०४९:१३०) । पछि आर्थिक वर्ष २०४८/०४९ देखि राज्यले संचालन गर्न सुरु गरेको पाईन्छ (आयोगको प्रतिवेदन, २०४९) । आठौ योजना (२०४९–०५४) को सुरुमा वि.स. २०५० सालमा संचालन भएको आधारभूत

प्राथमिक शिक्षा परियोजना अर्न्तगत शिक्षा विभागमा एक छुट्टै विशेष शिक्षा एकाई स्थापना गरी विशेष शिक्षाको एकीकृत कार्यक्रम संचालन भएको पाईन्छ (आयोगका प्रतिवेदन, २०५५) । उक्त परियोजना अन्तर्गत संचालन भएको विशेष शिक्षा कार्यक्रमलाई नवौं योजनाबाट राष्ट्रिय कार्यक्रमको रुपमा विस्तार गरिएको थियो । त्यस पछि विशेष बालवालिकाहरुलाई शैक्षिक कार्यक्रम संचालन गर्ने पद्दतिमा एकीकृत शिक्षा तथा समाहित शिक्षालाई प्रमुख आधारका रुपमा लिएको विशेष शिक्षा शाखालाई थप जिम्मेवारीका साथ वि.स. २०६१ सालमा समाहित शिक्षा शाखाको रुपमा नामाकरण गरियो (नेपालमा समहित शिक्षा ब्रोसिएर, २०६३) । नेपालमा विशेष शिक्षाको ईतिहासलाई हेर्ने हो भने त्यति पुरानो रहेको पाईदैन । २००७ सालको परिवर्तन पछि धेरै साधारण विद्यालयहरु खुलिसक्दा पनि विशेष शिक्षा वारे प्रायः सवै अनविज्ञनै देखिन्छ । त्यसवेला अपाङ्गहरुलाई पारिवारिक वोझ र पापको परिणामको रुपमा लिने गरिन्थ्यो । यस्तो स्थितिमा विशेष शिक्षाको महत्व बारे जानकारी गराई उनीहरुको मानसिकतामा परिवर्तन ल्याउन र अपाङ्ग बालबालिकाहरुका सम्पूर्ण हक र अधिकारको संरक्षण गर्नका लागि विशेष शिक्षा सँग सम्बन्धित प्रयासहरुको क्रमिक रुपमा थालनी भएको पाईन्छ ( शिक्षा विभाग, २०६०) । अपाङ्ग बालबालिकाहरुलाई पनि उचित शिक्षा दिएर समाजमा वाँच्न लायक वनाउन सकिन्छ भन्ने धारणाको विकास भएको पाईदैन ।

अशक्त बालबालिका भन्नाले “शरीरका अंगहरु र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, साँस्कृतिक वातावरणका साथै सञ्चारसमेत बाट दैनिक क्रियाकलाप सामान्य रुपमा सञ्चालन गर्न एवम् सामाजिक जीवनमा पूर्ण सहभागि हुन कठिनाइ हुने अवस्थालाई अशक्तता भनिन्छ (शैक्षिक सूचना संगालो, २०६८ : १९) ।” तसर्थ विशेष शिक्षाले अशक्त तथा विशेष आवश्यकता भएका बालबालिकाहरुलाई शिक्षा दिनका लागि र उनीहरुको शैक्षिक खाँचो पूरा गर्न तयार गरिएका सवै किसिमका शिक्षा तथा तालिम आदिलाई संकेत गर्छ । अतः अशक्त बालबालिकाहरुलाई बिशेष प्रकारले ध्यान पुऱ्याउने शिक्षालाई नै विशेष शिक्षा भनिन्छ । “सामान्यतया विशेष शिक्षा शव्दले विशेष आवश्यकता भएका बालबालिकाहरुको शैक्षिक खाँचो पूरागर्न तयार गरिएको सवै किसिमका शिक्षा तथा तालिमलाई जनाउँछ । विभिन्न किसिमका अशक्त, सिकाइ क्षमता कमी भएका सुविधाविहिन, पिछडिएका बालबालिकाहरुलाई पनि शिक्षाको अवसर समान रुपले दिलाउन र उनीहरुकै आवश्यकता र क्षमता अनुरुप तयार गरिएको शिक्षा नै विशेष शिक्षा हो (शिक्षा विभाग, २०६०: २९) ।” तसर्थ दृष्टिविहीन बालबालिकाहरुका लागि पनि यो शिक्षा यपयोगि मानि संचालनलाई व्यावहारिक रुपमा नै सक्रियता देखाउनु आवश्यक हुन्छ ।

यस प्रकारका विशेष बालबालिकाहरुलाई दिईने शिक्षा अन्य सामान्य बालबालिकाहरुलाई दिईने शिक्षा भन्दा फरक हुनु पर्छ तसर्थ शैक्षिक अवसरमा समानता र सवैका लागि शिक्षाको अवसर प्रदान गर्न बालबालिकाहरुको समस्याको विश्लेषण गरी उपयुक्त वातावरणमा उपयुक्त किसिमको शिक्षा दिनुपर्ने कुरा उल्लेख गरेको पाइन्छ (कार्की, २०६४: ४३) । यस अन्तर्गत खास गरी चार प्रकारका अशक्तताहरु पर्दछन् । जस्तै दृष्टिविहीन तथा दृष्यक्षमता कमी भएका, वहिरा तथा श्रवण क्षमता कमी भएका, सुस्त मनस्थिति भएका र शारीरिक रुपमा अशक्त भएका बालवालिकाहरु (काफ्ले र अन्य २०६५: ९७) । यसर्थ विशेष शिक्षा सामान्य बालबालिकाहरुलाई दिईने शिक्षा भन्दा फरक किसिमको शिक्षालाई जनाउँछ जुन विशेष बालबालिकाहरुलाई उनीहरुको आवश्यकता अनुसार दिईन्छ । यस्तो परिवेशमा संचालनमा ल्याईएको विशेष शिक्षा कार्यक्रम प्रति ति दृष्टिविहीन विशेष बालबालिकाहरुको धारणा कस्तो रहने छ, जुन कार्यक्रम संचालित छ । शिक्षा ऐन (२०२८ : २) का अनुसार विशेष शिक्षा भन्नाले दृष्टिविहिन, सुस्तश्रवण र बौद्धिक वा शारीरिक रुपले अशक्त बालबालिकाहरुलाई दिईने विशेष किसिमको शिक्षा भनी उल्लेख गरेको पाईन्छ । विशेष शिक्षा सम्बिन्धी संचालित दृष्टिविहीनहरुलाई समेटि संचालित एकिकृत कक्षा र संचालित कार्यक्रमले विशेष आवश्यकता भएका दृष्टिविहीन बालबालिकाहरुलाई के कस्ता सहयोग पुऱ्याएको छ ? र उनिहरुले सो कार्यक्रमलाई कसरी लिएका छन् उक्तकुरा पत्ता लगाउने प्रयास केन्द्रित रहेर यो अनुसन्धाकार्य अगाडि बढाइएको थियो ।

यस शिक्षा ऐनले पनि अशक्त बालबालिकाहरुको निमित्त छुट्टै प्रकारको शिक्षा हुनु पर्ने कुरामा जोड दिएको छ (कोईराला, २०६४) । वास्तवमा सवै मानिस एकै खाले हुदैनन् जस्तो केही ज्यादा तिक्ष्ण, कोही मन्द, ढिलो वुझ्ने कोहि शारीरिक रुपमा अशक्त, कोहि सुस्त मनस्थितिका हुन सक्छन् भने कोही आफ्नो दृष्टि सम्बन्धी कमजोरीका कारण शिक्षा लगायत हरेक क्षेत्र र पक्षमा पछाडि परिरहेका छन् । यि यावत मानिसलाई एकै खाले शिक्षा नीतिमात्र पनि पर्याप्त हुन सक्दैन त्यसैले अशक्तता भएका मानिसलाई आवश्यकता अनुरुप शिक्षा दिनुपर्ने कुरा उल्लेख भएको पाईन्छ (काफ्ले र अन्य २०६५:९८) । यसबाट पनि विशेष दृष्टिविहीन बालबालिकाहरुलाई पनि उनीहरुको अशक्तता अनुकुल शिक्षा दिनु पर्ने कुरा पुष्टि हुन्छ । यस्तो परिवेशमा विशेष शिक्षा सन्चालन गरिरहेका विद्यालय स्रोतकक्षाहरुले विशेष आवश्यकता भएका बालबालिकाहरुमा के कस्ता सहयोगिमूलक कार्यक्रम संचालन गरेको छ र त्यसबाट विशेष आवश्यकता भएका बालबालिकाहरुमा सो कार्यक्रमप्रति कस्तो धारणाको विकास गर्न सहयोग गरेको छ सो थाहापाउने प्रयास यहाँ गरिएको छ । जुन बालबालिकाहरुलाई साधारण बालबालिका सरह एकै ठाउँमा राखेर शिक्षण कार्य गर्दा प्रगति

पथमा ल्याउन सकिदैन, तिनीहरुलाई थप विशेष किसिमका विधि तथा प्रविधि अपनाई शिक्षण गर्नु पर्ने हुन्छ । तसर्थ दृष्टिविहीन बालबालिकाहरु पनि यही समाजका सदस्य हुन र उनीहरुलाई पनि आफूमा भएको क्षमतालाई विकास गर्ने अवसर दिलाएर सामाजिक न्याय दिनु पर्छ ।

शारीरिक एवं मानसिक रुपले अशक्त बालबालिकाहरु दुर्भाग्यपूर्ण जीवन विताउन वाध्य छन् । उनीहरुलाई विशेष हेरचाहको जरुरत पर्छ भन्ने कुरालाई ध्यान दिनु आवश्यक छ त्यसैले “हामी सवैको क्षमता तथा प्रतिभा समान छैन तर आफ्नो क्षमता तथा प्रतिभाको विकास गर्ने समान अवसर भने अवश्य पनि पाउनु पर्दछ । विद्या विनाको स्वतन्त्रता सँधै खतरामा अल्भिmरहन्छ र स्वतन्त्रता विनाको विद्या सँधै व्यर्थहुन्छ ”भन्ने जोन आफ केनेडी को भनाईलाई आत्मसाथ गर्नु पर्छ (चुडामणी शर्मा, २०७०: २५२) । स्वभाविक रुपले नै समस्यामूलक बालबालिकाहरुको आवश्यकता र क्षमता अन्य बालबालिकाहरुको भन्दा फरक हुन्छ । त्यसैले दृष्टिविहीन जस्ता विशेष आवश्यकतामूलक बालबालिकाहरुको यही आवश्यकता, क्षमता र वैयक्तिक भिन्नतालाई राम्ररी पहिल्याई सोहि अनुरुपको शैक्षिक सामग्री एवं उचित शिक्षण विधिको चयन र विकास गरी शिक्षा प्रदान गर्न विशेष शिक्षा, एकिकृत शिक्षा र समाहित शिक्षा आवश्यक देखिन्छ । यसरी विभिन्न दृष्टिकोणबाट हेर्दा विशेष शिक्षा विशेष आवश्यकतामूलक बालबालिकाहरुलाई दिने शिक्षा भएकोले यस्तो शिक्षा उनीहरुको आवश्यकता, क्षमता र बैयक्तिक भिन्नताको आधारमा दिनु पर्छ भन्नेकुरामा देबकोटा (२०६०) ले पनि जोड दिएको पाईन्छ । विशेष शिक्षा कार्यक्रम समन्वय ल्याउन अपाङ्गहरुको हितका लागि नीति निर्माण गर्नु, पाठ्यक्रम, पाठ्यपुस्तक तथा शैक्षिक सामग्री उपलब्ध गराउनु, निर्धारित नीति अनुरुप कार्यक्रम संचालन गर्नुका साथै सुपरीवेक्षण मुख्य उद्देश्यहरु निर्धारण गरिएको थियो (जागरण पुस्तिका, २०५४) । जसवाट यस प्रकारका बालवालिकाहरुलाई पनि शिक्षाको समान अवसर दिलाउनु पर्ने कुरामा ध्यान दिनु पर्ने नीति लिएको पाइन्छ । जुन कार्यक्रम राज्यले सरकारी स्तरबाट शुरु गरी अधिराज्य भरी लागुगर्ने नीति लिएको थियो । “सो नीति अनुरुप वि.स. २०३० सालमा गठन भएका विशेष शिक्षा परिषद् उक्त योजनाको प्रतिफल हो” (शर्मा, २०५९ : ६४९) । यसै कार्यक्रम अन्तर्गत यो कार्यको प्रायोगिक पक्ष र दृष्टिविहीन बालबालिकाहरुमा रहेका समस्याको समाधान गर्न, दैनिक जीवनमा आइपर्ने हरेक परिस्थिति अनुसार सायोजन हुन मद्दत गरेको छ छैन भन्ने कुरामा सम्बन्धित रहेको छ ।

### १.२ समस्याको कथन

राष्ट्रिय जनगणना २०६८ अनुसार देशका कुल जनसंख्याको १.९४ प्रतिशत हिस्सामा कुनै एक वा बढी प्रकारका अपाङ्गता रहेको देखिएको छ । अपाङ्गता भएकाहरु मध्ये ३६.३२ प्रतिशतमा शारीरिक अपाङ्गता, १८.४६ प्रतिशत दृष्टिसम्बन्धि अपाङ्गता, १५.४५ प्रतिशतमा सुनाइ सम्बन्धि अपाङ्गता, १.४८ प्रतिशत श्रवण दृष्टि विहिनता, ११.४७ प्रतिशतमा स्वर बोलाइसम्बन्धि अपाङ्गता, ६.०४ प्रतिशतमा मानसिक अपाङ्गता र ७.५२ प्रतिशतमा बहुअपाङ्गता भएको पाइएको छ (तथ्याङ्क पुस्तिका, २०६८:३)।

नेपालमा कुल ३,७१,४४२ अपाङ्गहरु मध्ये ७८.२०% ६ वर्ष भन्दा माथिका बालबालिकाहरु शिक्षाको अवसर वाट वन्चित रहेको अवस्था छ (National planning commission, 2001:35) । आधारभूत तथा प्राथमिक शिक्षा प्राप्त गर्ने अवसरबाट १९ प्रतिशत बालबालिकाहरु बन्चित रहेका छन् (नेपाल,२०६०:१३४) । अशक्त बालबालिकाहरुको यस्तो अवस्थालाई मध्यनजर गरी हाम्रो देशमा योजना अनुरुपको विकासको थालनी राष्ट्रिय शिक्षा पद्धतिको योजनावाट नै सुरुभएको भएता पनि यस अवधिमा आईपुग्दा सम्म पनि विशेष शिक्षाको क्षेत्रमा संख्यात्मक विस्तारका साथै गुणात्मक विकासले कमिक गति लिन नसकेको अवस्था छ । औपचारिक शिक्षा दिन धेरै विद्यालय खोलिए पनि सबै वर्ग, क्षमता र विविध सामाजिक, आर्थिक पृष्ठभूमिका बालबालिकहरुलाई समेट्न सकिएको छैन । कुनै समाज वा परिवारमा दृष्टिविहिन, बहिरा तथा सुस्तश्रवण र सुस्त मनस्थितिका व्यक्ति छन्  भने त्यो समाज र परिवारलाई हेर्ने दृष्टिकोण नै फरक हुन्छ । तिनीहरुलाई हेला र घृणा गर्ने गरेको पाइएको छ । परिवारले यस्ता बालबालिकाहरुलाई बोझको रुपमा लिईएका हुन्छन् । समान अवसर दिइदैन तसर्थ परिवारले ती बालवालिकाहरुलाई विशेष हेरचाह गर्नुपर्छ । दृष्टिविहीन बालबालिकाहरुलाई शिक्षा, स्वास्थ्य र रोजगारको व्यवस्था गर्नुपर्ने नेपाल सरकारको दायित्व हो (शिक्षा विभाग, २०६०) । त्यसैले समाजमा अशक्तहरुले केही गर्न सक्दैनन्  भन्ने धारणा राख्ने हुनाले तिनीहरुलाई शैक्षिक अवसर प्रति पहुँचको कमी र तिनीहरुको शैक्षिक अवस्थालाई समस्याको रुपमा लिइएको छ ।

Merry,1779 का अनुसार “दृष्टिविहीन बालबालिकाहरुको आवश्यकता र क्षमता अन्य बालबालिकाहरुका भन्दा फरक हुन्छ । त्यही पक्षलाई मध्यनजर गरी सोहि अनुरुपको वातावरण, सहयोगी सामग्री एवं उचित शिक्षण विधिको चयन र विकास गरी उपयुक्त शिक्षा प्रदान गर्न शिक्षाको समान अवसर जुटाई दिनु शिक्षाको उद्देश्य हो ।” यस कुरालाई मध्यनजर गरी दृष्टिविहीन बालबालिकाहरुलाई शिक्षाको समानअवसर प्रदान गर्नको निमित्त विशेष शिक्षा कार्यक्रम अन्तर्गत एकीकृत विद्यालयको रुपमा श्रोतकक्षाहरु संचालन भएका छन् । ती श्रोत कक्षाहरुमा वैयक्तिक

भिन्नता अनुरुपको सहयोगी व्यवस्थाको साथ निर्वाद पहुँच पुऱ्याई राज्यले बालवालिकाहरुको शिक्षा पाउने नैसर्गिक अधिकार सुनिश्चित गर्नु पर्दछ । संविधानमा सुनिश्चत भए पनि अझै शैक्षिक मुलधारबाट बाहिरीएका दृष्टिविहीन बालबालिकाहरु प्रति शैक्षिक पहुँच पुऱ्याउनु पर्ने देखिन्छ ( कोईराला अन्य, २०६४) । यस्तो गरिएको खण्डमा बालबालिकाहरुमा स्रोत विद्यालय शिक्षाबाट पर्याप्त लाभ लिन सक्ने सकारात्मक धारणाको विकास गर्न सकिने हुन्छ ।

यसरी करीव १९ प्रतिशत भन्दा बढी दृष्टिविहीन भएका अवस्थामा यस्ता अपांगहरुको शैक्षिक विकासका लागि भएका प्रयासमा चासो राख्न आवश्यक भएकोले यस अध्ययनले विशेष शिक्षा कार्यक्रम अन्तर्गतका दृष्टिविहीन बालबालिकाहरुका लागि संचालित स्रोतविद्यालयहरुको शिक्षाको वास्तविकता पहिचान गरी विद्यार्थीहरुको शिक्षण सिकाइमा स्रोतविद्यालय शिक्षाले पुऱ्याएको सहयोगको पहिचान गर्न र श्रोतकक्षामा अध्ययनरत विद्यार्थीहरुको स्रोतविद्यालय शिक्षा प्रतिको धारण कस्तो रहेको छ ? स्रोतविद्यालय शिक्षा कार्यक्रम अनतर्गतका स्रोत कक्षाहरुले वर्तमान अवस्थामा विद्यार्थीमा कस्तो छाप छोड्न सफल भएको छ ? स्रोतविद्यालय शिक्षा कार्यक्रमले बालबालिकाको दैनिक कार्यकलापमा कस्तो सहयोग पुऱ्याएको छ ? उक्त समस्यामूलक प्रश्नको खोजीमा केन्द्रित रहि यो अध्ययन कार्य अगाडि बढाइएको थियो ।

### १.३ अध्ययनको औचित्य

स्रोत विद्यालयमा दृष्टिविहीन वालवालिकाहरुलाई प्रदान गरिने शिक्षको अवस्था कस्तो रहेको छ ? वालवालिकाहरुले स्रोत कक्षामा प्रदान गरिने विशेष शिक्षालाई कसरी वोध गरिरहेका रहेछन्, उनिहरुको असन्तुष्टिको पक्ष के रहेछ ?  स्रोत विद्यालयले दिदै आएको शिक्षाले वालवालिकाहरुको दैनिक जीवनमा के कस्तो सहयोग पुऱ्याउन सफल भएको छ भन्ने कुरा थाहा पाउने उद्देश्यले यो अध्ययन अगाडि वढाईएको थियो । शैक्षिक सामग्री, पाठ्यपुस्तक, कक्षा कोठाको अवस्था, विद्यालयको वातावरणलाई समेत अवलोकन गर्ने उद्देश्य लिईएको थियो । स्रोत विद्यालयवाट के कस्तो सुविधा दृष्टिविहीन वालवालिकाहरुलाई प्रदान गर्दै आएको रहेछ सो को समेत अध्ययन गर्ने उद्देश्य राखिएको थियो ।

यस अध्ययनले विशेष शिक्षा सँग सरोकार राख्ने सम्पूर्ण शिक्षाविद्, योजनाकार, पाठ्यक्रमविद, स्थानीय वुद्धिजिवी तथा सरकारी र गैर सरकारी संघ संस्थाहरुमा कार्य गर्ने विज्ञहरुलाई भौगोलिक विकटता भित्र रहेका दृष्टिविहीनहरुको अवस्था, उनीहरुलाई प्रदान गरेको शिक्षा र त्यसको व्यावहारिक पक्षको जानकारी प्राप्त हुनेछ । साथै यस अध्ययनले सिफारिस गरेका उपायहरुलाई अरु विशेष शिक्षा कार्यक्रममा लागु गर्न र विशेष शिक्षाप्रति विशेष आवश्यकता भएका बालबालिकाहरुको सकारात्मक

धारणाको विकास गर्न के कस्ता पक्षमा ध्यान पुऱ्याउनु पर्ने रहेछ भन्ने कुरामा व्यवस्थापन पक्षलाई सचेत रहन सहयोग पुऱ्याउनेछ ।

दृष्टिविहीन बालबालिकाहरुले विशेष शिक्षालाई कसरी बुझेका रहेछन्, उनीहरुको प्रमुख आवश्यकता के रहेछ भन्ने विशेष शिक्षासँग सम्बन्धि कार्यगर्ने निकायलाई सहयोग पुऱ्याउनेछ । यो अध्ययनले दृष्टिविहीन बालबालिकाका लागि सञ्चालित विशेष शिक्षाको अवस्था के रहेछ भन्ने कुराको सरोकारवालाहरुलाई पृष्ठिपोषण प्रदान गर्नेछ ।

शिक्षाको गुणात्मक विकास गर्ने व्यवस्थापक, प्रशासकहरुलाई समेत यस अध्ययनले सहयोग पुऱ्याउनेछ । यस अध्ययनबाट प्राप्त सूचनाको आधारमा अभिभावक, शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, विद्यालय निरीक्षक, श्रोत व्यक्ति लगायत योजना, नीति, निर्माण पक्षमा कार्यगर्ने निकाय तथा व्यक्तिहरुलाई आंशिक सूचना प्रदान गर्न सहयोग पऱ्याउनेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका कार्य पूरा गर्नका लागि निम्नलिखित उद्देश्यहरु निर्धारण गरिएका थिए :

क) दृष्टिविहीन बालबालिकाहरुका लागि सञ्चालित स्रोत विद्यालयको अवस्था विश्लेषण गर्ने,

ख) दृष्टिविहीन भएका बालबालिकहरुको स्रोत विद्यालय शिक्षा प्रतिको धारणा पहिचान गर्ने,

ग) दृष्टिविहीन बालबालिकाको जीवनमा स्रोत विद्यालय शिक्षाले पुऱ्याएको सहयोगको विश्लेषण गर्ने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस सोध अध्ययन कार्यको उद्देश्य पूरा गर्नको लागि निम्नानुसारका अनुसन्धानत्मक प्रश्नहरुलाई मुख्य आधार बनाई अध्ययन कार्य अगाडि बढाईएको थियो :

१. स्रोत विद्यालयमा कक्षाहरु कसरी सञ्चालन भइरहेका छन् ? समस्याहरु र सुधारका उपायहरु के के हुनसक्छन् ?

२. दृष्टिविहीन बालबालिकाहरुले स्रोत विद्यालय शिक्षालाई कसरी बुझेका छन् ?

३. सञ्चालित कार्यक्रमले बालबालिकाको दैनिक जीवनमा के कस्तो सहयोग पुऱ्याएको छ ?

## १.६ अध्ययनको परिसीमाहरु

कुनै पनि विषयमा अध्ययन गर्नु पर्दा त्यसको क्षेत्र ज्यादै व्यापक हुनेहुँदा छोटो र सिमित समयमा सबै क्षेत्रको अध्ययन गर्नु पनि ज्यादै कठिन हुने हुँदाकुनै पनि अध्ययनलाई सिमावद्ध गरी अध्ययन गर्दा फलदायी हुन्छ । तसर्थ यस अध्ययनलाई अनुसन्धानकर्ताको सुविधा अनुसार निम्न क्षेत्रमा सिमित गरिएको थियो :

१. उदयपुर जील्लामा दृष्टिविहीन बालबालिकाहरुको लागि सञ्चालित विशेष शिक्षा सँगमात्र यो सिमीत गरिएको थियो । जील्लाका तीनवटा दृष्टिविहीन शिक्षा सम्बन्धी स्रोतकेन्द्रहरुलाई समाहित गरी अध्ययन गराई रहेको यसै उच्च माध्यमिक विद्यालय चुहाडेमा मात्र यो सिमित गरिएको थियो ।

२. अध्ययनका क्रममा दृष्टिविहीन सम्बन्धि स्रोतकक्षा र एकिकृत कक्षामा अध्ययनरत दृष्टिविहीन बालबालिकाहरुमा मात्र यो अध्ययन सिमित रहेको थियो । एकिकृत कक्षा अन्तर्गतका कक्षाहरु ३, ४ र १०का दृष्टिविहीन बालबालिकाहरुमा मात्र यो अध्ययन सिमित गरिएको थियो ।

३ विद्यालयको कक्षाकोठाको अवस्था र शिक्षक, विद्यार्थी तथा प्रधानाध्यापक सँगको छलफल, अवलोकन र अन्तरवार्ता मा मात्र यो अध्ययन सीमित गरिएको थियो ।

४. अध्ययन सँग सम्बन्धित सूचना संकलन गर्ने क्रममा समय अभावका कारण ३ दिन लगातार विद्यालयमा उपस्थित भई अध्ययनको उद्देश्य र अनुसन्धानात्मक प्रश्नमा केन्द्रित भई सूचना संकलन र विद्यालयको सम्बन्धमा सूचनाहरु लिनेकाम गरिएको थियो ।

५. अध्ययनको उद्देश्यमा केन्द्रित भई दृष्टिविहीन बालबालिकाहरुको स्रोत विद्यालयको शिक्षा प्रतिको धारण, शैक्षिक सामग्रिको अवस्था, शिक्षण सिकाई क्रियाकलाप, सिकाइको समस्या, आवासको अवस्था, कक्षाकोठा व्यवस्थापनको अवस्थामा मात्र सिमित गरि यो अनुसन्धानकार्य सम्पन्न गरिएको थियो ।

६. अनुसन्धानका क्रममा वर्षे विदाका कारण विद्यालय चाँडै वन्द भएको र विद्यार्थीहरुलाई आफ्ना अभिभावकले विद्यालय बन्द हुनुभन्दा अगाडि नै विदा मागि लाने गरेकाले सबै विद्यार्थीको धारणा लिन सकिएको थिएन ।

७. जनज्योति उच्च माध्यमिक विद्यालय चुहाडेमा दृष्टिविहीन बालबालिकाहरु एकिकृत कक्षामा पनि अध्ययन गर्ने गराउने कार्य रहेकोले ती एकिकृत कक्षामा अध्ययनरत बालबालिकाहरुलाई पनि यस अध्ययन अनुसन्धान कार्यमा समेटिएको थियो ।

**१.७ शब्दावलीको परिभाषा**

**"बिशेष शिक्षा"** भन्नाले बौद्धिक अपाङ्ग, शुस्तश्रवण र दृष्टिविहीनलाई अन्य सामान्य बालवालिका सरह उनीहरुको अपाङ्गता अनुकुल शिक्षाको आवश्यकता पुरा गर्न विशेष किसिमबाट तयार गरिएको शिक्षण सिकाईलाई विशेष शिक्षा सम्झानु पर्छ (कोइराला, २०६४) ।

**"स्रोत कक्षा"** भन्नाले दृष्टिविहीनलाई शिक्षा दिनको लागि एकीकृत विद्यालयमा छुट्टै दृष्टिविहीनहरुलाई मात्र राखि अध्ययन अध्यापन कार्य संचालन गरिएको कक्षा सम्झानु पर्नेछ ।

**"स्रोत शिक्षक"** भन्नाले स्रोतकक्षामा अध्यापन गराउने व्यक्तिलाई सम्झानु पर्नेछ ।

**"आया"** भन्नाले स्रोतकक्षाका बालवालिकालाई हेरचाह गर्ने व्यक्तिलाई सम्झनु पर्नेछ ।

**"प्रधानाध्यापक"** भन्नाले स्रोतकक्षाको प्रशासकिय प्रमुखको रुपमा काम गर्ने व्यक्तिलाई सम्झनु पर्नेछ ।

**"विद्यार्थी"** भन्नाले स्रोतकक्षामा अध्ययनरत र एकिकृत कक्षामा अध्ययनरत दृष्टिविहीन बालबालिकाहरुलाई सम्झनु पर्नेछ ।

**"एकिकृत कक्षा"** भन्नाले स्रोतकक्षा भन्दा माथिका कक्षामा अन्य सपाङ्ग बालबालिकाहरुसँग बसेर अध्ययन गरिरहेका बालबालिकाहरुलाई सम्झनु पर्नेछ ।

**"एकीकृत विद्यालय"** भन्नाले दृष्टिविहीन बालबालिकाहरुलाई पनि अध्यापन गरिने गरी निर्माण गरिएको विद्यालय सम्झनु पर्नेछ ।

# परिच्छेद दुई
# सम्वन्धित साहित्यको पुनरावलोकन

## २.१ साहित्यको पुनरावलोकन

विगतले वर्तमानलाई मार्गदर्शन गर्दछ । विगतमा भए गरेका कार्यहरुको लेखाजोखा गरी वर्तमानका लागि कार्य तर्जुमा गर्नु बढी सान्दर्भिक हुन्छ । त्यसैले कुनै पनि अनुसन्धान कार्यको लागि सम्बन्धित सामग्रीहरुको अध्ययन र समीक्षा एउटा महत्वपूर्ण कार्य हो अध्ययनकर्ताले अध्ययन अनुसन्धान गर्न वाँकी रहेका विषय वा क्षेत्रमा जानकारी लिन, नयाँ विषयवस्तु खोज्न र त्यसता विषयवस्तुको वारेमा गहिराईमा पुग्ने प्रयास गर्दछ ।

नेपालमा अपाङ्गहरुलाई शिक्षा दिने व्यवस्थाको थालनी वि.स. २०२१ सालबाट मात्र शुरु भएको पाईन्छ । त्यस वेला कीर्तिपुर स्थित ल्यावरेटोरी विद्यालयमा दृष्टिविहीन विद्यार्थीहरुका लागि एकीकृत कार्यक्रम सुरुभएबाट विशेष शिक्षाको सुत्रपात भएको थियो । यस पछि २०२३ सालमा वहिरा बालबालिकाहरुको लागि वहिरा स्कूल स्थापना भएको पाईन्छ (विशेष शिक्षा सूचनामुलक पुस्तिका, २०६०) । वि.स. २०२६ सालमा नेपाल अन्धा अपाङ्ग संघको स्थापना गरी अपाङ्गहरुका लागि शिक्षा दिन अन्धा, अपाङ्ग विद्यालयको स्थापना गरिएको थियो (राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९) । विशेष आवश्यकता शिक्षा कार्यक्रम वि.स. २०२१ सालबाट सुरुगरेको भएतापनि योजनावद्ध रुपमा यसको विकास र विस्तारको प्रयास वि.स. २०२८ सालमा लागु भएको राष्ट्रिय शिक्षा पद्धतिको योजनाबाट मात्रै भएको पाईन्छ । राष्ट्रिय शिक्षा पद्धति योजनाले अपाङ्गहरुको शिक्षाको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिँदै लाटा, कान नसुन्ने र अन्धा तथा अरुखालका अशक्त बालवालिकाहरुलाई दिइने शिक्षा छुट्टै ढंगको हुनुपर्ने कुरा (देबकोटा २०६०:४५) ले जोड दिईएको पाईन्छ ।

दृष्टिविहीन भएका बालबालिकाहरु भन्नाले सामान्य बालबालिका भन्दा भिन्न शारीरिक, मानसिक, बौद्धिक अवस्था भएका बालबालिकाहरु हुन जो दृष्टिक्षमता कमजोर भएका र शारीरिक रुपमा अशक्त विशेष प्रतिभा भएका सामाजिक रुपमा अन्य भन्दा भिन्न बैयक्तिक गुण र क्षमता भएका बालबालिकाहरु हुन् (अधिकारी २०६७ :२३५) । यस्ता बालबालिकाहरु जसलाई अन्य बालबालिकासँग राखि शिक्षण गर्न कठिन हुन्छ र समाजले हेर्ने दृष्टिकोण पनि फरक हुन्छ यस्तो परिस्थितिमा उनिहरुमा आत्मबल बढाउने र आफ्नो खुट्टामा आफै उभिन सक्ने बनाउने काम शिक्षाले गर्नु पर्दछ र स्रोत विद्यालयको शिक्षाले सो पक्षलाई समेट्न सक्नु पर्दछ । “सुविधा अप्राप्त विशेषतः

शारीरिक, मानसिक रुपमा अशक्तहरुलाई शिक्षा प्रदान गर्नु भनेको सामाजिक न्याय दिन खोज्नु हो, शिक्षामा समानता प्रदान गर्न खोज्नु हो, सुविधा अप्राप्तलाई शिक्षा दिन खोज्नु हो, सवैका लागि शिक्षा भन्ने नारालाई व्यावहारिक रुपमा कार्यान्वयनमा ल्याउन खोज्नु हो, समाजका राम्रा नराम्रा,सपांग अपांग आदि सवैलाई समान रुपमा शिक्षा दिई स्वावलम्वि र आत्मनिर्भर बनाई आफ्नो खुट्टामा आफै उभिन सक्ने बनाई समाजमा आत्मसम्मानका साथ बाँच्न सक्ने बनाउनु शिक्षाको प्रमुख धेय रहनु पर्दछ (शर्मा २०६२ : २०५) ।" जसले दृष्टिविहीन बालबालिकाहरुको स्रोत शिक्षा प्रति आकर्षण बढ्ने र जीवनमा म पनि केही गर्न सक्छु भन्ने भावना जाग्न र जगाउने काममा मद्धत पुग्दछ ।

काफ्ले (२०६२) का अनुसार स्रोत विद्यालयमा संचालित समाहित शिक्षा एउटा यस्तो शैक्षिक अभ्यास हो जसले कठिनाई, विभेद र समस्यामा परेका विभिन्न खालका वैयक्तिक शैक्षिक आवश्यकतामा ध्यान केन्द्रित गर्दछ र तिनीहरुलाई शिक्षाको माध्यमबाट राज्यको मूलधारमा ल्याउने कार्य गर्दछ । शैक्षिक प्रणालीले सम्वोधन गर्नु पर्ने विभिन्न चुनौतिहरुको कारण शिक्षण कठिनाई बढाउने विभिन्न शारीरिक, बौद्रिक, सामाजिक, भावनात्मक, भाषिक वा अन्य विभेदहरुलाई स्रोत विद्यालयमा सञ्चालित विशेष शिक्षाले अंगिकार गरेको हुन्छ । कतिपय बालवालिकाहरुलाई सिकाइ सम्बन्धी कठिनाई आईपर्ने हुँदा ती कठिनाइहरुको सम्वोधन गर्न उनीहरुका लागि विशेष शिक्षाको सिर्जना हुन्छ । जसले दृष्टिविहीन बालबालिकाहरुमा शिक्षा प्रति र विशेष शिक्षा प्रति सकारात्मक धारणाको विकास गर्न गराउन सहयोग पुऱ्याउँनेछ । "सबै नागरिकलाई उत्पादन मूलक जीवन निर्वाहका लागि आवश्यक पर्ने कार्यमूलक साक्षरता हिसाव सम्बन्धि ज्ञान हाँसिल गर्ने सुनिश्चितता गर्ने, लक्षित समूहका विशेष सिकाइ आवश्यकता परिपूर्ती गर्न सेवा प्रवाहका विविध उपायहरु अवलम्बन गर्ने रेडियो, टेलिभिजन, छाप, मौखिक माध्यमको प्रयोगद्वारा शिक्षालाई अगाडि बढाउनु, अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालय र विद्यालय व्यवस्थापन समितिको जिम्मामा छात्रवृति प्रदान गर्ने विद्यालयको निर्माण गर्ने, दलित, सिमान्तकृत समूह, अपाङ्ग, छात्रा तथा विपन्नताका परिवारका बालबालिकाहरुको माध्यमिक शिक्षामा पहुँच पूऱ्याउने तथा पढाइमा सहजताको सुनिश्चितताका लागि प्रोत्साहन गर्ने त्यस्ताकार्यक्रमको व्यवस्था गर्ने विद्यालय क्षेत्र सुधार योजनाको प्रमूख प्रयोजन रहनेछ (शिक्षा मन्त्रालय, २०६६) । अशक्तताकासाथ वाँच्नु पर्ने बालवालिकाहरु तथा सुविधायुक्त वातावरणमा रहेका साङ्ग बालबालिकाहरुका लागि समान शैक्षिक अवसरको प्रावधान हुनु पर्छ ।

शिक्षक र प्रशासनिक पदमा कर्मचारी नियुक्ति गर्दा अपाङ्गता भएका समुहबाट समतामूलक रुपमा पद छुट्याउने र शिक्षक नियुक्तिका लागि आधार तयार गर्दा सम्बन्धित समूहका उमेदवारलाई

ग्राह्यता दिने जस्तै दृष्टिविहिनहरुको लागि शिक्षण गर्न दृष्टिविहिन योग्य व्यक्ति छ भने उसलाई पहिलो प्राथमिकता दिनु पर्दछ । त्यसैगरी अपाङ्गताको किसिमका आधारमा ५०० देखि १५००० रुपैंया सम्म प्रति विद्यार्थी प्रतिवर्ष छात्रवृत्ति दिने व्यवस्था विद्यालय क्षेत्र सुधार योजनाले लिएको पाइन्छ । जुन परम्परागत रुपमा सामान्य, नियमित वा वहुसंख्यक बालबालिकाहरुको विशेषाधिकारको रुपमा प्रयोग हुँदै आएको छ । हाल १५००० लाई बढाएर १७००० दिने व्यवस्था गरिँदै आएको छ । तसर्थ विशेष शिक्षाले प्रभावकारी शैक्षिक पद्धतिलाई जोड दिन्छ । जसवाट सबै बालबालिकाहरु आफ्ना आवश्यकता अनुकुल लाभान्वित हुन सक्छन् । मानवीय भिन्नता स्वभाविक हो भन्ने कुरालाई विशेष शिक्षाले सहज रुपमा स्वीकार गरेको पाईन्छ । विशेष शिक्षा भनेको मानवीय भिन्नता र गरिमाको पहिचान तथा कदर गर्ने, यिनै भिन्नतावाट सिर्जित आवश्यकतामुखी तथा विशिष्ट सिकाइ अनुभवहरु प्रदान गर्ने सिद्धान्त हो (काफ्ले, २०६२ : ३९) । यस अभिव्यक्तिबाट पनि बालबालिकाहरुलाई विशेष शिक्षाबारे बुझ्न र आफ्नो धारणा बनाउन सहयोग पुऱ्याउँनेछ । हाल नेपालमा दृष्टिविहीन र शारीरिक अपाङ्ग भएका बालबालिकाहरु विभिन्न शिक्षालयहरुमा नगन्य रुपमा भए पनि प्राथमिक देखी उच्च तह सम्म अध्ययनरत देखिन्छ । वाहिरा तथा सुस्तश्रवण भएका विद्यार्थीहरुका लागि मात्र ८ कक्षा सम्म अध्ययन गर्ने अवसर प्राप्त हुँदै आएकोमा हाल आएर वहिराहरुले पनि एस.एल.सी. सम्म अध्ययन गर्ने अवसर पाएका छन्  तर सुस्त मनर्सथितिका बालबालिकाहरुको त दयनीय मात्र नभई भयावह अवस्था छ । उनीहरुको अवसर भनेको साधारण लेखपढका अतिरिक्त व्यवसायिक तालिमको ज्ञान सम्ममा सिमित रहेको पाइन्छ । अशक्तता र विशेष अवस्थाका बालबालिकाहरुको किसिम अनुसार व्यवसायिक र व्याबहारिक शिक्षा दिनु पर्ने हुन्छ जस्तै वहिरा तथा सुस्तश्रवणको लागि प्राविधिक शिक्षा साइकल वनाउने, अचार बनाउने, अन्धाका लागि संगित र सुस्तमनस्थितिका लागि सिलाई र वुनाई सम्वन्धि शिक्षा दिनु पर्ने कुरा CERID को Formative Research Project मा उल्लेख गरेको पाइन्छ (CERID, 2004) । सोही पक्षलाई मध्यनजर राखी विशेष शिक्षा संचालन गरी विशेष आवश्यकता भएका बालबालिकाहरुमा स्वावलम्वी बन्ने, आत्म विश्वास बढाउने र समाहित शिक्षा प्रतिको सकारात्मक धारणाको विकास गराउने कार्यमा विशेष शिक्षा संचालन गर्ने विद्यालय वा संस्थाले विशेष ध्यान पुऱ्याउनु आवश्यक हुन्छ ।

नेपालमा विशेष बालबालिकाहरुको शैक्षिक अवस्थालाई हेर्नै हो भने कुल अपाङ्गहरुको ७८.२०% ६ बर्ष माथिका बालबालिकाहरु शिक्षाको अवसरबाट वञ्चित छन्, २०% ले मात्र प्राथमिक शिक्षा प्राप्त गरेका छन् र २.९% (७ बर्ष माथि) ले सीप विकासका लागि तालिम पाएको छन् यसरी विभिन्न कारणले देशका अशक्त र विशेष क्षमता तथा आवश्यकता भएका बालबालिकाहरु शिक्षाबाट

वञ्चित हुनु पर्ने अवस्थालाई मध्यनजर गरी विशेष आवश्यकता भएका बालबालिकाहरुलाई शिक्षा दिन नेपाल सरकारले विशेष शिक्षा तथा समाहित शिक्षा संचालन गरेको हो (National Planning commission, 2001) । संचालित सो कार्यक्रमले दृष्टिविहीन भएका बालबालिकाहरुमा उनिहरुको दैनिक जीवनमा सहजता र स्व निर्भरताको विकास गराउन समाहित शिक्षा सफल र केन्द्रित हुनु पर्दछ ।

समाहित शिक्षा के हो ? भन्ने सन्दर्भमा सबैका लागि शिक्षा (२००४–२००९) को मुख्य दस्तावेजमा भनिएको छ : "समाहित शिक्षाले सामाजिक रुपमा पछि परेका समुहहरु, अपाङ्ग बालबालिकाहरु, आदिवासी बालबालिकाहरु र विशेष आवश्यकता भएका बालबालिकाहरु जो कठीन अवस्थामा रहेका वालबालिकाहरुको सिकाइ आवश्यकताहरुलाई समावेश गर्दछ ।"

समाहित शिक्षालाई विभिन्न प्रकारका विद्यार्थीहरुको विविध आवश्यकतालाई ध्यान दिएर सोहि अनुसारको कार्य गर्ने प्रक्रियाको रुपमा हेरिनु पर्दछ, जसले गर्दा शिक्षा प्रणाली भित्रै र शिक्षाबाट हुने असमावेशीतालाई न्यून गर्न सकियोस जसको परिणाम स्वरुप तिनीहरु सबैले शिक्षाका निमित्त आधारभूत मानव अधिकार उपयोग गर्न सकुन त्यसैगरी समान अधिकारको अवसर र समाजिक सहभागीताको मानव अधिकारको उपभोग गर्न सकुन् । सिकाइका आउने सबै प्रकारका बाधाहरु हटाउने विषयसँग समाहित शिक्षा सम्बद्ध हुन्छ । पाखा पर्न सक्ने दृष्टिविहीन बालबालिकाहरु जस्ता सबै प्रकारका नाजुक बालबालिकाहरुको सहभागीतासँग समाहित शिक्षाको सरोकार रहेको हुन्छ र शिक्षामा यस्ता बालबालिकाहरुको पहुँचको सुनिश्चितता गरेको हुन्छ (शिक्षा विभाग, २०६२) ।

त्यसैगरी विशेष शिक्षा नीति, २०५३ ले पनि विशेष बालबालिकाहरुको अवस्थालाई मध्यनजर राख्दै निम्न नीतिहरु समावेश गरेको छ जसले दृष्टिविहिन बालबालिकाहरुको शिक्षा पाउने हक र अधिकारको सुनिश्चितता प्रदान गरेको पाउन सकिन्छ :

क) अपाङ्गको सर्वमान्य परिभाषा गरी अपाङ्गताको किसिम तथा मात्राको निर्धारण गर्ने,

ख) अपाङ्ग बालबालिकाको संख्या, उमेर, लिङ्ग, किसिम र मात्रा आदिको विस्तृत विवरणका लागि सर्भेक्षण कार्यक्रम र तथ्यांक संकलनको आवश्यक व्यवस्था गर्ने,

ग) अपाङ्ग बालबालिकाहरुलाई साधारण विद्यालयमा एकीकृत रुपमा निःशूल्क विशेष शिक्षा प्रदान गर्ने र आवश्यकता अनुसार विशेष विद्यालयको व्यवस्था गर्ने,

घ) अपाङ्ग बालबालिकाहरुलाई दिइने विशेष शिक्षाको लागि पाठ्यपुस्तक र अन्य शैक्षिक सामग्रिहरु एवम् उपकरणको निर्धारण तथा उत्पादन गर्ने गराउने र आवश्यकता अनुसार निःशुल्क उपलव्ध गराउने सम्बन्धमा समेत आवश्यक व्यवस्था गर्ने,

ङ) अपाङ्ग विद्यार्थीहरुलाई आवश्यकता अनुसार आवासीय सुविधा उपलब्ध गराउने,

च) अपाङ्ग विद्यार्थी बालबालिकाले दैनिक रुपमा प्रयोग गर्ने सामाग्रीहरु जस्तै : ह्वील चेयर, बैशाखी, ह्वाइटकेन, श्रवण यन्त्र, ब्रेल स्लेट स्टाईल, स्पेशल चेयर र कुत्रिम अङ्ग आदि आयात गर्दा यथासम्भव विशेष सहुलियत दिने व्यवस्था गर्ने,

छ) विशेष शिक्षाका लागि प्रयोग गरिने विशेष माध्यम जस्तो ब्रेल, सांकेतिक भाषा आदिमा दक्षता हासिल गरेको भएमा अपाङ्गता भएका योग्य व्यक्तिलाई समेत अपाङ्गता अनुकूल विशेष शिक्षा शिक्षकको रुपमा परिचालन गर्ने, आदिको व्यवस्था गरेको छ ।

त्यसैगरी विशेष शिक्षा सञ्चालन सम्बन्धि निर्देशिका २०६० अनुसार निर्धारित शिक्षक विद्यार्थी अनुपात दृष्टि विहीन तर्फ १० जना बालबालिका बराबर १ प्राथमिक शिक्षक र आवासीय भए १२ जना बालबालिकाहरु बराबर १ जना आया एकिकृत विद्यालय तर्फ दृष्टिविहीनका लागि प्राथमिक तहको कुल विद्यार्थी संख्या १० जना बराबर १ जना प्राथमिक शिक्षक एवम् ट्रान्सक्राइभर, निम्न माध्यमिक विद्यालय तर्फ कूल विद्यार्थी संख्याको १० जना बराबर १ जना निम्न माध्यमिक स्तरको ब्रेल ट्रान्सक्राइभर, माध्यमिक तर्फकुल विद्यार्थी संख्याको १० जना बराबर १ जना माध्यमिक तहको ब्रेल ट्रान्सक्राइभर, एकीकृत विद्यालयमा दृष्टिविहीन विद्यार्थीहरुका लागि थप १ पियनको व्यवस्था गर्ने भनिएको छ (श्रेष्ठ र अन्य, २०६८) । यसै गरी मैले अध्ययन गरेको विद्यालयमा ३० विद्यार्थी बराबर २ जना मात्र माध्यमिक शिक्षकको व्यवस्था र २ जना आयामात्र रहेको छ ।

UN (1993) को Standard Rule मा पनि बिशेष बालवालिकाहरुको लागि विभिन्न सेवा र सुविधाहरु हुनु पर्ने कुरामा जोड दिएको पाइन्छ । उक्त Rule मा अपाङ्गता अनुकुल पाठ्यक्रम, भवनको पर्याप्तता, उचित वातावरण र शिक्षक तालिम जस्ता कुराहरु हुनु पर्ने भनी उल्लेख गरेको पाईन्छ (Mark Vangham, 2005) । जसले विशेष बालबालिकाहरुलाई शिक्षाप्रति आकर्षण गर्न सहयोग पुऱ्याउनुका साथै आत्मवल बृद्धि गराई विशेष शिक्षाप्रति विशेष बालबालिकाको सकारात्मक धारणाको विकास गर्न राज्य सक्षम र सफल हुनु पर्दछ । समाहित शिक्षा जहिले पनि सिकाइमा सहभागी बिद्यार्थीहरुको आवश्यकतामा आधारित हुनु पर्दछ र स्रोत विद्यालयहरु पनि त्यसै अनुसार व्यवस्थित गर्नु पर्दछ । विशेष शिक्षाका सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरु भएका छन् । हाम्रो देशमा विशेष शिक्षासँग सम्बन्धित विभिन्न किसिमका छात्रवृत्ति सम्बन्धी कार्यक्रमहरु, निःशुल्क पाठ्यपुस्तकको उपलव्धता, आवासको व्यवस्था जस्ता सहयोगहरु भएका छन् । यि सहयोगका कार्यक्रमहरुले न त निल्नु न त चपाउनु जस्तो भएको छ सहयोग सहयोगका नाममा मात्र सिमित रहेको छ । ग्रामिण समुदायमा वसोवास गर्ने दृष्टिविहीन बालबालिकाहरु र तिनका

अभिभावकहरुमा केही हदसम्म सहयोग पुऱ्याएतापनि त्यो एउटा आसाको त्यान्द्रोमात्र बनेको देखिन्छ । नेपाल सरकारले सँचालनमा ल्याएको विशेष शिक्षा कार्यक्रम कार्यक्रममा मात्र सिमित रहेको पाइन्छ । ग्रामिण भेगमा सँचालित विशेष शिक्षा कार्यक्रमलाई हेर्दा यस शिक्षाले साक्षरता अभियानका रुपमा मात्र सिमितता राख्दछ ।

**२.२ सैद्धान्तिक खाका**


दृष्टिविहीनका लागि सञ्चालित स्रोत कक्षामा दृष्टिविहीन वालवालिकाहरुलाई शिक्षण कसरी गराईएको छ । स्रोत विद्यालयको अवस्था कस्तो छ ? विद्यार्थी को धारणा सो विद्यालयले प्रदान गरेको शिक्षा प्रति कस्तो रहेको रहेछ ? दृष्टिविहीन वालवालिकाहरुलाई शिक्षण गर्दा स्रोतकक्षाका शिक्षक र एकिकृत कक्षाका शिक्षकको व्यवहार के रहेछ ? शिक्षकहरुले शिक्षण गर्दा कसरी गर्दछन् सो प्रति दृष्टिविहीन वालवालिकाको धारणा के रहेको रहेछ भन्ने पक्षलाई केलाउने प्रयास यस अध्ययनले गरेको थियो । यी र यस्तो विवरण प्राप्त गर्न दुई सिद्धान्तलाई यस अध्ययनमा प्रयोग गरिएको थियो १. भिगोत्स्कीको सामाजिक संरचनाको सिद्धान्तवाट ४ वटा मुख्य पक्षलाई आधार मानेर हेर्ने प्रयास यसमा गरिएको छ । तिनीहरु यस प्रकार छन् सहयोगी मुलक सिकाई भएको छ छैन् ?, सारांशकृत सिकाई गरिएको छ छैन्? प्रस्नोतर शिक्षक र विद्यार्थी विच हुने गरेको छ/छैन ? अध्ययन अध्यापनका क्रममा आईपर्ने समस्याहरुको स्पष्टता शिक्षकले विद्यार्थीहरुलाई पार्ने गरेको छ/ छैन ? कसरी पार्ने गरेको छ ? जस्ता पक्षलाई हेरिएको थियो र २.John Dewey को प्रयोगात्मक सिद्धान्त अनुसार वालवालिका लाई एउटा काँचो माटो र विद्यालयलाई एउटा समाजको चित्रण गर्ने गराउने आँखीभ्र्यालको रुपमा लिएर विद्यार्थी सक्रियता केन्द्रित शिक्षण र प्रयोगमुखी शिक्षण भएको छ/छैन भन्ने कुरालाई यसमा समेट्ने प्रयास गरिएको थियो ।

यसैगरी दृष्टिविहीनका लागि सन्चालित यो विद्यालय स्रोत कक्षा पनि एउटा प्रयोगमा आधारित भएकोले यसमा अध्ययनरत बालबालिकाहरुको दैनिक जीवनमा यो शिक्षाले कसरी सहयोग पुऱ्याएको छ भन्ने थाहापाउन John Dewey को प्रयोगवादी सिद्धान्तलाई यसमा जोड्ने प्रयास गरेकोछु । उनका अनुसार विद्यालय एउटा सानो समाज हो, एउटा सानो आँखिभ्र्याल हो जसले हरेक बालबालिकाको प्रतिभा, रुची, क्षमतालाई प्रस्फुटित हुने प्रशस्त अवसर प्रदान गर्नु पर्दछ र शिक्षा त्यस्तो हुनु पर्दछ जसले बालबालिकाहरुका समग्र पक्षलाई प्रस्फुटन गर्न सक्ने र आवश्यकता परिपूर्ति गर्ने प्रकृतिको हुनु पर्दछ (शर्मा २०६६)। यसबाट पनि स्रोत विद्यालय शिक्षा प्रति बालबालिकाको धारणा के रहेको छ ? स्रोत विद्यालयमा संचालित विशेष शिक्षालाई बालबालिकाले कसरी बुझ्केका छन् ? सञ्चालित स्रोत विद्यालयका विशेष शिक्षाकार्यक्रमहरुले उनिहरुको दैनिक जीवनमा के कस्तो

सहजता सरलता ल्याउन सहयोग पुऱ्याइ रहेकोछ ? जस्ता विषयहरुको जानकारी प्राप्त गर्न अध्ययन गरिएको गरिएको थियो ।

यसले पनि अध्ययनकर्तालाई समस्या पहिचान देखि सूचना संकलन कार्य गर्दै प्रतिवेदन तयार गर्न सम्म सहयोग पुऱ्याएको छ । Mary Parker Follet ले मानव सम्बन्ध कायम गर्नको निमित्त कुनै पनि संगठनमा समन्वय हुन आवश्यक छ भनी उल्लेख गरेकी छन् (कोईराला र श्रेष्ठ,२०६६) । समन्वय गर्दा सिधा सम्पर्क कायम गरी मानव सम्बन्धको विकास गर्नु पर्छ । नजानेका, नबुझेका शंका लागेका र अस्पष्ट भएका कुराहरुलाई तेर्सो संचार प्रकृया अपनाई मानवीय सम्बन्ध स्थापित गर्नु पर्छ । विशेष आवश्यकता शिक्षा संवेदनशिल शिक्षा भएकाले नितान्त फरक खालका बालबालिकाहरुलाई श्रोतकक्षामा शिक्षण गर्ने प्रकृयालाई जोड दिएको पाईन्छ । यसमा व्यवस्थापन पक्षले विद्यार्थी, शिक्षक र कर्मचारीहरुलाई सोझै सम्पर्क गरी सञ्चालित शिक्षण प्रकृयावाट भएका राम्रा पक्षलाई निरन्तरता दिन, सहयोग गर्न र देखिएका कमी कमजोरीहरु व्यवस्थापकिय रणकौशलवाट तुरुन्त निवारण गर्नु पर्दछ । यसरी शिक्षक, विद्यार्थी र अन्य सम्वद्ध पक्षलाई समेट्न सकेन भने विशेष शिक्षाको उद्देश्य पूरा हुन सक्दैन । तलको चित्रले यस अध्ययन कार्यको समग्र सैद्धान्तिक अवधारणा स्पष्ट पार्दछ ।

चार्ट २.२




स्रोत विद्यालयको अवस्था थाहा पाउन अवलोकन फारम तयार पारी विद्यायमा गई त्यहाँको भवन, कक्षा कोठा, डेक्स वेन्च, झ्याल ढोका, कारपेट, प्रकाशको अवस्था, पाठ्यपुस्तकको अवस्था,

छानोको अवस्था, चमेनागृह र छात्रावासको अवलोकन गरिएको थियो । दृष्टिविहीन वालवालिकाहरुका लागि स्रोत विद्यालयमा प्रदान गरिने शिक्षा प्रतिको धारणा लिनको लागि असंरचित मौखिक किसिमका प्रश्नावलीहरु तयार पारी छलफल, अन्तरवार्ता जस्तो कार्यहरु सञ्चालन गरी सूचना संकलन गर्ने कार्य गरिएको थियो । छलफलका माध्यमवाट नै स्रोत विद्यालयमा प्रदान गरिने शिक्षाको वारेमा वालवालिकाहरुवाट अनुभवहरु संकलन गर्ने कार्य गरिएको थियो । अनुभव संकलन गर्ने क्रममा मोवायल फोनको माध्यमवाट voice record गरी सूचना संकलन गर्ने कार्य गरिएको थियो ।प्राप्त गर्ने प्रयास गरिएको थियो ।

व्यवस्थापन र विद्यालय शिक्षणमा देखिएका समस्याका वारेमा जानकारी लिन स्रोत कक्षाका स्रोत शिक्षकसँग संरचित अन्तरवार्ता प्रश्नावलीहरु तयार गरिएको थियो । सिकाईले वालवालिकाहरुको दैनिक जीवनमा पुऱ्याएको सहयोगको वारेमा जानकारी लिनका लागि वालवालिकाहरुले व्यक्त गरेका आवाजहरु रेकर्ड गरी ल्याई प्रस्तुत अध्ययनमा जस्ताको तस्तै समावेश गर्ने प्रयास गरिएको छ । वालवालिकाहरुको अवस्था र विद्यालय स्रोतकक्षाको अवस्था, वसाईको व्यवस्था थाहा पाउन आयासँग पनि छलफल गर्ने प्रयास गरिएको थियो । सामग्रीहरुको जानकारी लिन अवलोकनका साथै शिक्षक र प्र.अ.सँग छुट्टाछुट्टै छलफल गरी दृष्टिविहीन वालवालिकाहरुका लागि विद्यालयमा रहेका सम्पुर्ण सामग्रीहरुको वारेमा टिपोट गर्ने कार्य गरिएको थियो । स्रोत कक्षामा दिईने शिक्षाको जानकारी लिन र वालवालिकालाई सक्रियतालाई मध्यनजर गरी प्रयोगात्मक रुपमा शिक्षा प्रदान गरिएको छ या छैन, सामाजिक संरचनामा घुलमेल हुने गरी, सामाजिक समस्यासगँ जुद्ध सिकाउने किसिमले वाल सक्रीयतालाई ध्यान दिएर शिक्षा प्रदान गर्न विद्यालय सक्षम भएको छ/छैन भन्ने थाहा पाउन भिगोत्स्कीको सामाजिक संरचनाका केही महत्वपुर्ण पक्ष लाई र व्यजल म्भधभथ को प्रयोगात्मक विधिका केही वालकेन्द्रित सक्रिय सिकाई, शैक्षिक सामग्रीको प्रयोग, विद्यार्थीको पढाईमा सक्रियता र सहभागितालाई केन्द्रविन्दु वनाईएको थियो र एकिकृत कक्षामा अध्ययनरत दृष्टिविहीन वालवालिकाहरुलाई प्राथमिकता दिई उनिहरुलाई सक्रीय वनाई उनिहरुको अवस्था र क्षमतालाई मध्यनजर गरी शिक्षण गरेको छ/छैन भन्ने थाहा पाउन कक्षा अवलोकन र एकिकृत कक्षामा अध्ययनरत दृष्टिविहीन वालवालीकाहरुसँग छुट्टै छलफल गरी धारण लिने कार्य गरिएको थियो ।

# परिच्छेद तीन

# अनुसन्धानात्मक विधि

अनुसन्धान कार्य सम्पन्न गर्न र अनुसन्धानको विषयवस्तुको गहिराईमा सहज रुपमा पुगी यथार्थता प्राप्त गर्नु अनुसन्धान कर्ताको दायित्व हो । "उपयुत्त र ठोस किसिमको विवरण दिन, विचार र प्रक्रियामा ठोस र स्पष्ट धारणा बनाउने कुरामा जोड दिन, नतिजालाई अर्थपूर्ण र सजिलोसँग संक्षेपिकरण गर्न, निश्कर्ष सम्म पुग्न, अनुमान गर्न, जटिल तर अनिश्चित घटनाका कारक तत्वहरुको विश्लेषण गर्न अनुसन्धान आवश्यक हुन्छ (Guilford, J.P. 1973 )।"

अनुसन्धान कार्य सम्पन्न गर्न प्रयोग गरिने समग्र प्रकृया अर्थात जनसंख्या र नमूना छनौट, तथ्याङ्कको स्रोत, तथ्याङ्क संकलन प्रकृया, तथ्याङ्क संकलनका उपकरणहरु र तथ्याङ्कको विश्लेषण एवं प्रस्तुतीकरण गरी निष्कर्षमा पुग्ने सम्पूर्ण प्रकृयाहरुको समष्टिगत रुपलाई नै अध्ययन विधि भनिन्छ ( खनाल, २०६५ : २७५) । अध्ययनको उद्देश्य प्राप्ती र विशेष शिक्षा कार्यक्रमप्रति विद्यार्थीको धारणा र विशेष शिक्षाले दृष्टिविहीन बालबालिकाका जीवनमा ल्याएको परिवर्तनको वास्तविकता पत्ता लगाउन यो अध्ययन मुलतः किन ? कसरी ? जस्ता प्रश्नहरुको उत्तर खोज्न केन्द्रितछ । यस्ता प्रश्नको उत्तर खोज्न गुणात्मक अध्ययन विधि मिश्रीत अध्ययन विधिले सहयोग पुऱ्याउने गर्दछ । यस अध्ययनले विशेष आवश्यकता भएका बालबालिकाहरुको विशेष शिक्षा प्रतिको धारणा र विशेष शिक्षा के हो ? यो किन आवश्यक रहेकोछ ? र यसले विशेष बालबालिकाहरुका आवश्यकतालाई कसरी पुरा गर्न सफल भएकोछ र विशेष बालबालिकाहरुलाई समाजमा जीउन कस्तो सहयोग प्रदान गर्न सफल भएकोछ ? भन्ने कुराको वास्तविकता थाहापाउन केन्द्रि रहेको छ । यस अध्ययनमा अवलम्बन गरिएको अनुसन्धान प्रकृयाको विवरण तलका उपशीर्षकहरुमा उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

कुनै पनि अनुसन्धानकार्य व्यवस्थित रुपमा संचालन गर्नु पूर्व तयार गरीने योजना र पूर्व निर्धारित स्वरुपलाई नै अनुसन्धान ढाँचा भनिन्छ । अनुसन्धान कार्य एक जटिल कार्य भएकोले विषय बस्तुको छनौट देखि तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरणमा कुन–कुन विधि अपनाउने भनी त्यसको विस्तृत प्रक्रिया एवं योजना समेटेर अनुसन्धान कार्यको उद्देश्य प्राप्त गर्न अनुसन्धान ढाँचाले मार्ग निर्देशन गर्दछ (खनाल, २०६७ : २५४) । यसले के जनाउछ भने अनुसन्धान कार्यमा लाग्नका लागि के उद्देश्य राखिएको छ उक्त कुरा प्राप्त गर्न अनुसन्धान कर्ताले तयार गरेको एउटा योजना वा खाकालाई अनुसन्धान ढाँचा भनिन्छ ।

यो अध्ययन गुणात्मक विधि र मिश्रित विधिसँग सम्बन्धित भएर गरिएको थियो । गुणात्मक विधि भनेको यथार्थतालाई अनियन्त्रित वातावरणमा प्रत्यक्ष रुपमा संलग्न भई खुला र प्राकृतिक स्वरुपमा स्वयं अध्ययनकर्ता सम्लग्न भई असंरचित ढाँचामा सम्बन्धित पक्षसँग अन्तरवार्ता, छलफल, अवलोकन गरि तथ्यांक संकलन गरी खुल्ला प्रश्नको माध्यमद्वारा तथ्यांक संकलन गरी निष्कर्षमा पुग्ने विधि हो ( खनाल, २०६७ : २१५) । यस अध्ययनमा गुणात्मक विधि भित्रको उद्देश्यमुलक नमुना छनोट विधिको प्रयोग गरी अध्ययन कार्य अगाडि बढाइएको थियो ।

मिश्रित विधि भनेको गुणात्मक विधिका केही गुण र मात्रात्मक विधिका केही गुण समेटेर घटनाको विवरणलाई जस्ताको त्यस्तै प्रयोग गरी बास्तविकताको नजीकमा पुग्ने विधि हो । यो अध्ययन मुख्यतः गुणात्मक तथा आंशिक रुपमा परिमाणात्मक अनुसन्धान विधिको पनि प्रयोग गरिएकोले मिश्रित प्रणालीमा आधारित रहेको छ । गुणात्मक अध्ययन भन्नाले कुनै पनि अवस्था, प्रकृया, समस्या तथा छनौटको व्यवस्था एवं विश्लेषण शाव्दिक रुपमा गरिन्छ भने त्यो गुणात्मक अध्ययन हो (खनाल, २०६०) । यो अध्ययनकार्य गुणात्मक अनुसन्धान ढाँचामा आधारित भएकाले व्याख्यात्मक तथा विवेचनात्मक शैली अपनाइएकोछ । विशेष शिक्षा संचालित स्रोत कक्षाहरुको शैक्षिक अवस्था विश्लेषणका क्रममा संख्यात्मक विधिको समेत प्रयोग गरेर परिपुरक ढाँचामा प्रस्तुत गरिएको छ । यस सोध कार्यको विषय वस्तु र उद्देश्यलाई ध्यानमा राखी विशेष शिक्षाको अवस्था अध्ययन गर्ने क्रममा स्रोतकक्षाको शैक्षिक अवस्थाको बारेमा संख्यात्मक प्रस्तुति गर्नुपर्ने भएकोले गणितीय तथ्याङ्कहरु संकलनका लागि परिमाणात्मक विधिलाई आधार बनाइएकोछ र समस्या तथा सुझावहरुको प्रयोजनको लागि सरोकारवालाहरुबाट प्राप्त प्रतिकृयालाई गुणात्मक विधिबाट विश्लेषण गरिएकोछ । यसर्थ यस शोध कार्यका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न मुख्यतः गुणात्मक विधि नै अपनाइएकोछ भने आंशिक रुपममा परिमाणात्मक विधि समेत अपनाईएको छ ।

**३.२. अध्ययन क्षेत्र छनौट**

अनुसन्धानकार्यका लागि आवश्यक पर्ने सूचनाहरु संकलन गर्नका लागि उदयपुर जिल्लाका विभिन्न स्रोतकेन्द्रमा विशेष शिक्षाका कार्यक्रमहरु संचालन भएका छन् । ती विभिन्न स्रोतकेन्द्रहरुमा संचालित विशेष शिक्षाका कार्यक्रमहरु मध्ये तीनवटा स्रोतकेन्द्रहरु देउरी माध्यमिक विद्यालय देउरी, त्रियुगा माध्यमिक विद्यालय गाईघाट मा संचालित विशेष शिक्षा सम्बन्धि कक्षाहरुलाई गाभेर श्री जनज्योति उच्च माध्यमिक विद्यालय चुहाडेमा वि.सं. २०५४ सालदेखि दृष्टिविहीनहरुका लागि विशेष तथा एकिकृत शिक्षाका कक्षाहरु संचालित छन् । त्यसैले यस अध्ययनको उद्देश्य प्राप्तीका लागि उक्त विद्यालयलाई अध्ययन क्षेत्रको रुपमा लिइएको थियो ।

### ३.२.१ सहभागीहरुको छनौट

यस अध्ययनको उद्देश्य पूरा गर्न अनुसन्धान कर्ताले Purposive sampling का आधारमा अनुसन्धानका सहभागीहरु छनौट गरिएको थियो । छनौटमा परेका सहभागीहरुको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका ३.२.१**

**अध्ययनका लागि छनौट गरिएको सहभागीहरुको विवरण**

| सि.नं. | उत्तरदाताको नाम | छनोटमा परेका | |
|---|---|---|---|
| | | जम्मा संख्या | श्रोत कक्षावाट |
| १ | श्रोत शिक्षक | २ | २ |
| २ | प्र.अ. | १ | १ |
| ३ | आया | २ | २ |
| ४ | स्रोत कक्षाका दृष्टिविहीन विद्यार्थी | २० | ४ |
| ५ | एकिकृत कक्षाका दृष्टिविहीन विद्यार्थी | १० | ६ |
| जम्मा | | ३५ | १५ |

*स्रोतः स्थलगत अध्ययन नमूना जनसंख्या*

अध्ययन क्षेत्रको रुपमा छानीएका विद्यालयमा कार्यरत २ जना स्रोत शिक्षकमध्ये २ जना शिक्षकहरु, उक्त विद्यालयका प्रधानाध्यापक, स्रोत कक्षाका विद्यार्थीहरुलाई हेरचाह के कसरी गरिएको छ ? के कस्ता समस्या देखिएका छन् भन्ने जानकारी लिन २ जना आयाहरुलाई अध्ययनका सहभागीका रुपमा छनौट गरिएको थियो । स्रोत कक्षामा अध्ययनरत २० विद्यार्थीहरुमध्ये विद्यालयमा आफुले अध्ययन गर्दा आईपरेका समस्याका वारेमा प्रष्टसँग वताउन सक्ने, नलजाई, नडराई स्रोत विद्यालयमा प्रदान गरिने शिक्षाको वारेमा वताउन सक्ने, विद्यालयवाट प्राप्त शिक्षावाट आफ्नो जिवनमा आएको परिवर्तन वताउन सक्ने र अध्ययन कर्ताले चाहेका जुनसुकै वखत वालवालिकाहरुसँग भेटेर समस्याका वारेमा जानकारी लिन सक्ने गरि ४ जनालाई सुविधाजनक नमूना छनौट विधिका प्रयोग गरी सहभागी छनौट गरिएको थियो । यसैगरी एकिकृत कक्षामा अध्ययनरत कूल १० जना विद्यार्थीहरु मध्ये कक्षा ३ बाट २ जना कक्षा ४ बाट १ जना र कक्षा १० बाट ६ जना दृष्टिविहीन बालबालिकाहरुलाई सहभागीका रुपमा छनौट गरिएको थियो ।

### ३.३ सूचनाको स्रोतहरु

अध्ययन कार्य पूरा गर्न आवश्यक सूचना एवं तथ्याङ्क संकलन गर्नको लागि उद्देश्यसँग सम्बन्धित सूचना जहाँबाट प्राप्त गरिन्छ त्यसलाई सूचनाको स्रोत भनिन्छ । यसका लागि सूचनाको प्राथमिक श्रोत र द्वितीय श्रोतलाई प्रयोग गरिएको थियो ।

#### ३.३.१ प्राथमिक श्रोत

अध्ययन कर्ता स्वयं उपस्थित भई सूचना सम्बन्धित क्षेत्रबाट संकलन गरिन्छ भने त्यसलाई प्राथमिक श्रोतको रुपमा लिइन्छ । माथि उल्लेख गरिएका सहभागीहरु बाट असंरचित अन्तर्वाता, सहभागीतात्मक अवलोकन, छलफल आदि प्रकृया अवलम्बन गरी प्राथमिक सूचना लिईएको थियो ।

#### ३.३.२ द्वितीय श्रोत

अध्ययन कार्य पूरा गर्नको निमित्त संघ संस्था, प्रकाशित प्रतिवेदन, पत्रपत्रिका पुस्तक तथा अभिलेख आदिलाई द्वितीय श्रोतका रुपमा लिइन्छ । सूचनाको संकलनको पहिलो चरणमा अध्ययनकर्ताद्वरा शैक्षिक अभिलेख रेकर्ड फाईल, पुस्तक, पत्र पत्रिका, संकलन गरी आवश्यक द्वितीय स्रोतका सूचनाहरु संकलन गरिएको थियो । यी साधनका माध्यमबाट विद्यालयको शैक्षिक अवस्था र अध्ययनका शिलशीलामा प्रत्यक्ष संकलन गर्न नसकेका बाँकि अध्ययनका उद्देश्य र अनुसन्धान प्रश्न सँग सम्बन्धित सूचना संकलन गरिएको थियो ।

### ३.४ सूचना संकलनका साधनहरु

कुनै पनि अनुसन्धान कार्यमा धेरै प्रकारका सूचना संकलनका साधनहरुको प्रयोग गरिएको हुन्छ । तसर्थ यस अध्ययनमा पनि आवश्यक सूचना तथा तथ्याङ्क संकलनका लागि निम्न साधनहरुको प्रयोग गरिएको थियो ।

#### ३.४.१ अन्तर्वार्ता निर्देशिका

यस अनुसन्धानको लागि आवशयक पर्ने सूचना संकलन गर्न स्रोत शिक्षक, विद्यार्थी र प्रधानध्यापकका लागि छुट्टा छुट्टै असंरचित प्रकृतिका खुला अनतरवार्ता निर्देशिकाहरु बनाइएको थियो । स्रोत विद्यालयमा कक्षा संचालन, संचालनमा देखिएका समस्या, शिक्षण प्रक्रिया, शैक्षिक सामग्रीको अवस्था, पाठ्यसामग्री, पाठ्यपुस्तकको अवस्था, शिक्षकको अनुभव, समस्या समाधानका उपायहरु, बालबालिकाको रुचीको विषय, स्रोत विद्यालय शिक्षा प्रतिको आकर्षण र उनीहरुका छनौटका विषयवस्तुहरु समेट्ने गरी अन्तरवार्ता निर्देशिका तयार गरिएको थियो । (अन्तरवार्ता निर्देशिकाहरु अनुसूची १ मा संलग्न गरिएको छ ।)

### ३.४.२ विद्यालय सर्वेक्षण फाराम

विद्यालयको विस्तृत विवरण संकलन गर्न स्रोतकक्षाको विद्यार्थी विरवण, शिक्षक विवरण, स्रोतकक्षामा उपलब्ध शैक्षिक, भौतिक विवरण सँग सम्बन्धित तथ्याङ्क संकलन गर्न विद्यालय सर्वेक्षण फारामको प्रयोग गरिएको थियो । उक्त सर्वेक्षण फारमबाट दृष्टिविहीन बालबालिकाहरुलाई कसरी शिक्षण गरिएको रहेछ, विद्यालयका अवस्थिति कस्तो छ ? कक्षा कोठाको अवस्था, खेलमैदान, डेक्स बेन्चको अवस्था शैक्षिक सामग्रीको पर्याप्तता तथा अपर्याप्तता, शौचालयको अवस्था, आवासको व्यवस्था, पाठ्यपुस्तकको पर्याप्तता कस्तो रहेको रहेछ भन्ने जानकारी लिने अपेक्षा गरिएको थियो । त्यसैगरी दृष्टिविहीन बालबालिकाहरुको विद्यालयमा उपस्थीति, शिक्षकको उपस्थिति साथै सीपविकास सम्बन्धी अतिरिक्त क्रियाकलाप तथा तालिमको के कस्तो व्यवस्था कसरी गरिएको रहेछ भन्ने कुराको जानकारी लिने उद्देश्यले सर्वेक्षण फारम तयार गरिएको थियो । (सर्वेक्षण फारम अनुसूची २ मा समावेश गरिएको छ ।)

### ३.४.३ कक्षा अवलोकन फारम

गुणात्मक अनुसन्धानका महत्वपूर्ण विधि मध्ये अवलोकन पनि एक हो । कुनै विषयवस्तु वा घटनाको गहिरो विश्लेषणात्मक अध्ययन गर्नु नै अवलोकन हो । यसले अनुसन्धानकर्तालाई प्रत्यक्ष सहभागी भएर घटना, समस्या वा कुनै विषयवस्तुको गहिराई सम्म पुगी त्यसको सही विश्लेषण गर्न सघाउँछ । शिक्षकले शिक्षणका क्रममा गर्ने क्रियाकलापहरु, विद्यार्थीहरुले पढाइ प्रति देखाएको रुची, शैक्षिक सामग्रीको प्रयोग, साथिहरु प्रतिको व्यवहार जस्ता कुराहरु प्रत्यक्ष अवलोकन गरी आवश्यक जानकारी लिने प्रयास गरिएको थियो । साथै विशेष शिक्षा स्रोतकक्षामा अध्ययनरत विद्यार्थीहरु मध्ये प्रत्येकलाई समेटने गरी अनुसन्धानकर्ता र स्रोतशिक्षक मिलेर विभिन्न शैक्षिक सामग्रीहरु, खेलौना, टेप रेकड, अक्षरकार्ड, अंककार्ड, आदि प्रयोग, संचार र भाषा विकास क्षेत्र, वौद्धिक विकास क्षेत्र, सामाजिक विकास क्षेत्र तथा संवेगात्मक क्षेत्रको लेखाजोखा गरी बालबालिकाहरुको शैक्षिक रुची पत्ता लगाउने काममा र शैक्षिक सामग्रीको अवस्था र शिक्षक विद्यार्थी विचका अध्यापन र बालबलिकाहरुको विशेष शिक्षा प्रतिको बुझाई थाहा पाउन सकियोस भन्ने कुरालाई दृष्टिगत गरी कक्षा अवलोकन फारम निर्माण गरिएको थियो । (अवलोकन फारमको विवरण अनुसूची ३ मा समावेश गरिएको छ ।)

### ३.५ सूचना संकलन प्रक्रिया

छनौट गरिएको विद्यालय, शिक्षक, बालबालिकाहरु सँग अध्ययन कर्ताले तयार पारेका सामग्रीहरुको प्रयोग गरी सूचना संकलन गरिएको थियो । सूचना संकलन गर्दा प्राथमिक र द्वितीय दुवै किसिमका सूचनाका स्रोतहरुलाई आधार लिइएको थियो । प्राथमिक स्रोतबाट अन्तरवार्ता निर्देशिका, अभिलेख, विद्यालय सर्वेक्षण फारम प्रयोग गरी सूचना संकलन गरिएको थियो । सूचना संकलन गर्ने क्रममा निम्नानुसारका कार्यकलापहरु सन्चालन गरिएको थियो । अनुसन्धानको क्रममा अध्ययनका उद्देश्य र अनुसन्धान प्रश्नका प्रतिक्रिया प्रत्यक्ष रुपमा अध्ययन कर्तानै गई सत्यतथ्य सूचना संकलन गर्नका लागि श्री जनज्योति उच्च माध्यमिक विद्यालय चुहाडेका प्राचार्यसँग सम्पर्क र अनुमति लिई अध्ययनको विषयसँग सम्वन्धित भई स्रोत कक्षा शिक्षक र एकिकृत कक्षाका शिक्षकसँग अनुमति लिई अध्ययन कार्य शुरु गरिएको थियो ।

#### ३.५.१ अन्तरवार्ता

दृष्टिविहीन बालबालीकाहरुका विशेष शिक्षा सँग जोडिएका र दैनिक जीवनमा विशेष शिक्षाले दृष्टिविहीन बालबालिकाहरुलाई पुऱ्याएको सहयोगका वारेमा र विशेष शिक्षा प्रदान गर्दा भोग्नु परेका समस्याहरुका वारेमा शिक्षक, प्र.अ. आया र छात्रछात्राहरुलाई छुट्टा छुट्टै शीर्षकमा प्रश्न निर्माण गरी अन्तरवार्ता लिईएको थियो । जुन अन्तरवार्ता  लिने विषयवस्तुका शीर्षकहरु अध्ययनका उद्देश्य र अनुसन्धानात्मक प्रश्नमा केन्द्रित भएर गरिएको थियो ।

#### ३.५.२ अवलोकन

कक्षा अवलोकन, विद्यालय अवलोकन, शिक्षण सिकाई क्रियाकलापको अवलोकन तथा शैक्षिक सामग्री र विद्यार्थीका समस्याहरुका वारेमा अवलोकन गर्दा प्रत्यक्ष रुपमा अध्ययनकर्ता स्वयं पुगी देखि विभिन्न शीर्षकमा अवलोकन तालिका वनाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा अवलोकन कार्य गरिएको थियो।

### ३.६. सूचनाको विश्लेषण प्रक्रिया

अध्ययन अनुसन्धानको गहन एवं महत्वपूर्ण अङ्गको रुपमा सूचना विश्लेषणलाई लिईन्छ । तसर्थ उदयपुर जिल्लामा संचालित श्री जनज्योति उच्च माध्यमिक विद्यालय चुहाडेका दृष्टिविहीनका लागि संचालित विशेष शिक्षा अन्तर्गतका स्रोतकक्षाका स्रोत शिक्षक, दृष्टिविहीन विद्यार्थीसँगको अन्तवार्ता निर्देशिका, विद्यालय सर्वेक्षण फाराम मार्फत प्राप्त हुन आएका फिल्ड नोट, रेकर्ड, अवलोकन फारमबाट प्राप्त सूचनालाई क्रमबद्ध रुपमा अभिलेखीकरण गरियो । यसको स्पष्टताको लागि प्राप्त सूचनालाई सर्वप्रथम एउटा मास्टर चार्टमा उतारिएको थियो । चार्टको आधारमा सम्बद्ध शीर्षकमा तालिका निर्माण गरियो । साथै सूचनालाई शैक्षिक अवस्था अन्तर्गत प्रशासनिक व्यवस्थापन,

मानव संसाधन, भौतिक व्यवस्थापन तथा विशेष शिक्षा श्रोत कक्षामा रहेका दृष्टिविहीन विद्यार्थीहरु र उनीहरुको स्रोत विद्यालय शिक्षा प्रतिको धारणाहरु, समस्याहरु, बुझाइ जस्ता शीर्षकहरुमा वर्गीकरण गरियो । यसरी व्यवस्थित गरिएका सूचनाहरुलाई गुणात्मक पद्धतिबाट व्याख्या विश्लेषण गरियो । व्याख्या र विश्लेषण गर्दा प्रकाशित सूचनाको पनि सहयोग लिइएकोछ । स्थलगत सर्वेक्षणबाट दृष्टिविहीका लागि संचालित विशेष शिक्षा सम्बन्धमा प्राप्त सूचनालाई निम्न शीर्षक अन्तर्गत राखिएकोछ ।

कक्षाकोठा व्यवस्थापन र भौतिक व्यवस्थापनका आधारमा कक्षा संचालनको अवस्था, प्रशासनिक व्यवस्थापनको अवस्था, भवन, फर्निचर, छात्रावास अपांगमैत्री भए नभएको प्राप्त सूचनाको आधारमा वर्णन गरिएको छ । प्राज्ञीक व्यवस्थापन, दृष्टिविहीन बालबालिकाहरुको शैक्षिक अवस्था, शैक्षिक सहभागीता, शिक्षण सिकाइको अवस्था, स्रोत कक्षा प्रति दृष्टिविहीन बालबालिकाहरुको धारणा, उनीहरुको दैनिक जीवनमा पुऱ्याएको सहयोग आदिलाई प्राप्त अन्तरवार्ता निर्देशिकाका प्रतिक्रियाका आधारमो व्याख्या विश्लेषण गरिएको छ । स्रोत कक्षाहरुमा अध्ययनरत दृष्टिविहीन विद्यार्थीहरुको विशेष शिक्षा प्रति देखाएको चाख, रुची र विशेष शिक्षा प्रतिको उनीहरुको बुझाइका सम्बन्धमा एकिकृत कक्षामा अध्ययनरत दृष्टिविहीन बालिकाहरुले व्यक्त गरेका विचारहरुका आधारमा व्याख्या तथा विश्लेषण गरिएकोछ । त्यसैगरी अध्ययन गरिरहेका दृष्टिविहीन बालबालिकाले भोगेका समस्याका पक्षहरुलाई र समाधानका लागि सुधारको उपायहरुका सम्बन्धमा स्रोत शिक्षक र आयासँग गरिएको छलफलबाट प्राप्त सूचना र अवलोकन बाट प्राप्त सूचनाहरुकाका आधारमा व्याख्या विश्लेषण गरिएकोछ । दृष्टिविहीनका लागि संचालित विशेष शिक्षा श्रोतकक्षाको वर्तमान अवस्था, दृष्टिविहीन विद्यार्थीले भोग्नुपरेका विद्यालय भित्रका समस्याहरु, दृष्टिविहीन विद्यार्थीहरु प्रति शिक्षकले गरेको व्यवहार, श्रोतकक्षामा अध्ययनरत दृष्टिविहीन विद्यार्थीहरुको शैक्षणिक अवस्थाका सम्बन्धमा विद्यालय सर्वेक्षण बाट अनुसन्धानकर्ताले प्राप्त गरेको जानकारिका आधारमा व्याख्या गरियो । विशेष शिक्षा स्रोतकक्षामा देखापरेका समस्याका सम्बन्धमा स्रोत शिक्षक एवं प्रधानाध्यापकसँगको छलफल, दृष्टिविहीन विद्यार्थीहरुसँगको छलफलबाट प्राप्त भएको सूचना आधारमा तथ्यांकको विश्लेषण गरिएकोछ । दृष्टिविहीन बालबालिकहरुले आफूले अध्ययन गरिरहँदा के कस्ता समस्याहरु विद्यालयमा भोग्नु परिरहेको छ ? विद्यालयले कस्ता विषयलाई प्राथमिकता दिएर शिक्षा संचालन गराइरहेको छ ? त्यसले बालबालिकाहरुको दैनिक जीवनका समस्याहरु सँग संघर्ष गर्न सक्ने बनाएको छ/छैन ? बालबालिकाहरुले कस्तो विषयवस्तुको माग गरिरहेका छन् ? त्यसप्रति विद्यालयले ध्यान कतिको पुऱ्याएको छ भन्ने महत्वपूर्ण पक्षमा केन्द्रित रही सूचनाको व्याख्या विश्लेषण गर्ने गरियो ।

# परिच्छेद चार

# तथ्याङ्कको विश्लेषण  र व्याख्या

वि.सं २०१९ सालमा स्थापना भएको श्री जनज्योति उच्च माध्यमिक विद्यालय चुहाडेले हाल दृष्टिविहीनका लागि पनि स्रोत कक्षाको व्यवस्था गरी दृष्टिविहीन बालबालिकाहरुलाई पनि शिक्षा दिने कार्यको थालनी वि.सं. २०५४ साल बाट गर्दै आइरहेको छ । दृष्टिविहीन बालबालिकाहरुलाई एकिकृत कक्षामा समेत राखी समाहित शिक्षाको एउटा नमूना प्रस्तुत गर्न सफल भएको छ । अपर्याप्त शैक्षिक सामग्री र पाठ्पुस्तकको अभावका साथै सम्बन्धित निकायको वेवास्तका बावजुध पनि यस विद्यालयले दृष्टिविहीन बालबालिकाहरुको विशेष शिक्षालाई सफलतापुर्वक नै अगाडि वढाएको देखिन्छ । स्रोत शिक्षकले स्वयं ब्रल पुस्तक तयार गरी शिक्षण गराईरहेको अवस्थामा बालबालिकाहरुको विद्यालयप्रतिको आकर्षण रहेको देखिन्छ । यसरी नै विशेष शिक्षा अन्तर्गतको श्रोत कक्षाहरमा अध्ययनरत विद्यार्थीहरुको स्रोत विद्यालय शिक्षा प्रतिको धारण र उक्त शिक्षाले दृष्टिविहीन बालबालिकाको दैनिक जीवनमा पुऱ्याएको सहयोग, उनीहरुले भोग्नु परेका समस्या र ती समस्या समाधानका लागि सुधारको उपायहरु शीर्षक अनतर्गत निम्न पक्षहरुसंग सम्बन्धित रही सोसँग प्राप्त सूचनाहरुको विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ विशेष शिक्षा श्रोतकक्षाको वर्तमान अवस्था

विद्यार्थीहरुको स्रोत विद्यालय शिक्षा प्रतिको धारणा, बुझाइ, विद्यालय प्रतिको आकर्षणलाई प्रत्यक्ष रुपमा विभिन्न तत्वहरुले असर पार्ने गर्दछ । जसमध्ये विद्यालयको कक्षाकोठाको अवस्था, खेलमैदानको अवस्था, शैक्षिक सामग्रीको पर्याप्तता साथै प्रशासनिक व्यवस्थापन, मानवीय संसाधन व्यवस्थापन, भौतिक व्यवस्थापन र आर्थिक व्यवस्थापनले पनि प्रत्यक्ष प्रभाव पार्ने  गर्दछ । विद्यालयको वास्तविक स्थितिले विद्यार्थीहरुको उपस्थिति, नियमितता र सिकाइको स्तर, बुझाई आदिलाई निर्धारण गर्दछ । तसर्थ यस अध्ययनमा दृष्टिविहीन बालबालिकाहरुको लागि संचालनमा रहेको विशेष शिक्षा तथा एकिकृत शिक्षा कार्यक्रम अन्तर्गतका स्रोतकक्षा तथा समाहित कक्षाको भौतिक व्यवस्थापनको अवस्था, प्रशासनिक व्यवस्थापनको अवस्था, प्राज्ञिक व्यवस्थापनको अवस्था, दृष्टिविहीन बालबालिकाहरुको शैक्षिक अवस्था, स्रोत कक्षाप्रति दृष्टिविहीन बालबालिकाहरुको धारणा र उनीहरुको दैनिक जीवनमा पुऱ्याएको सहयोगका सम्बन्धमा अध्ययन गरिएको थियो । विशेष शिक्षा स्रोतकक्षाको अवस्थालाई निम्नानुसारका उपशीर्षकहरुमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१.१. भौतिक व्यवस्थापनको अवस्था

गुणस्तरीय शिक्षाको महत्वपूर्ण पाटोको रुपमा विभिन्न कुराहरुले भूमिका खेल्दछ । जसले बालबालिकाहरुको विद्यालय प्रतिको आकर्षण पढाइ प्रतिको रुची, शिक्षा प्रतिको सकारात्मक धारणाको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ । यसर्थ यस अनुसन्धानमा नमूना विद्यालयको भौतिक व्यवस्थापन के कस्तो छ ? पर्याप्त छ कि अपर्याप्त छ ? जस्ता कुराहरुमा सम्बन्धित विद्यालयमा गएर तथ्याङ्क संकलन गरिएको थियो । जसअनुसार नमूना श्रोतकक्षाहरुमा विद्यालय भवन पर्याप्त छन । उक्त विद्यालयहरुमा शिक्षण सिकाइको निमित्त आवश्यक पर्ने डेक्स वेन्च, कुर्सी, खेलमैदान, खानेपानी दराज, कम्पाउण्ड, र्‍याक जस्ता सुविधाहरु विद्यार्थी संख्याका आधारमा पर्याप्त देखिन्छ भने छात्र–छात्राको लागि छुट्टै शौचालय पनि पर्याप्त रहेको तर दृष्टिविहीन मैत्री डेक्स वेन्चको केही कमिरहेको पाइयो । दृष्टिविहीन मैत्री डेक्स वेन्च भन्नाले सहज रुपमा दृष्टिविहीन बालबालिकाहरु वस्न, धारविहीन प्रकृतिका फर्निचरहरु नभएको पाईयो । दृष्टिविहीन बालबालिकाहरुको प्रमुख माग आधुनिक प्रविधिको रुपमा प्रयोग गरिने कम्प्युटरको रहेको तर सो प्रविधी अपर्याप्त छ । विद्यार्थीहरुले कम्प्युटर शिक्षा लिन पाएका छैनन् । विद्यालयमा प्रयोगाशाला छैन । विभिन्न प्रयोग गरेर सिक्नु पर्ने कुराहरु विद्यर्थीहरुले सिक्न पाएका छैनन् ।

जबकी विशेष शिक्षा नीति २०५३ मा विशेष बालबालिकाहरुको लागि आवश्यक पर्ने विभिन्न सुविधाहरुको व्यवस्था हुनु पर्ने कुरा उल्लेख गरेको भएता पनि नमूना छनौटमा परेका श्रोतकक्षाहरुमा सवै कुराहरुको व्यवस्था भएको देखिदैन । त्यसैगरी विद्यार्थीहरुको शिक्षण सिकाइमा आवश्यक पर्ने शैक्षिक सामग्रीको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तलिका ४.१.१**

**शैक्षिक सामग्री विवरण तथा अन्य विद्यालयमा भएका डेक्स बेन्च र भवनहरुको विवरण**

| क.स | विवरण | विद्यालयको नाम | |
|---|---|---|---|
| | | जनज्योति उच्च मा.वि.चुहाडे | |
| | | पर्याप्त | अपर्याप्त |
| १ | पाठ्यपुस्तक | | अपर्याप्त |
| २ | पाठ्यक्रम | | अपर्याप्त |
| ३ | शिक्षक निर्देशिका | | अपर्याप्त |
| ४ | विभिन्न सीप सिकाउने पजल बक्स | पर्याप्त | |
| ५ | विभिन्न सिकाइका चार्टहरु | | अपर्याप्त |
| ६ | भाषा सिक्नका लागि टेपरेकर्ड र क्यासेट | | अपर्याप्त |
| ७ | शिक्षक निर्मित ब्रेल लिपीको पाटि वा बोर्ड | | अपर्याप्त |
| ८ | कम्प्युटर | | अपर्याप्त |
| ९ | गणित तथा विज्ञानका लागि आवश्यक प्रयोगात्मक सामग्री | | अपर्याप्त |
| १० | कक्षाकोठा, डेक्स, वेन्च, शौचालय, आवास, खेलमैदान | पर्याप्त | |
| ११ | सेतो पाटि तथा कालोपाटिको व्यवस्था | पर्याप्त | |
| १२ | पुस्तकालय | | अपर्याप्त |
| १३ | खानेपानी र चमेनागृह | पर्याप्त | |

*स्रोत: स्थलगत सर्वेक्षण २०७०*

माथि उल्लेखित तालिका अनुसार शैक्षिक सामग्रीको उपलब्धतालाई हेर्ने हो भने जनज्योति उच्च मा.वि. चुहाडेमा पाठ्यपुस्तक सिमित मात्रामा मात्र रहेको, पाठ्यक्रम र शिक्षक निर्देशिका नरहेकोले अपर्याप्त देखिन्छ । त्यसैगरी श्रव्य सामग्रीहरुको नाममा भाषा सिक्नका लागि प्रयोग गरिने २ वटा टेपरेकर्ड मात्र रहेको अन्य शैक्षिक सामग्रीहरु सीपसिकाउने पजल बक्स, शिक्षक निर्मित ब्रेल लिपीको पाटि वा बोर्ड अपर्याप्त नै रहेको देखियो । त्यसैगरी अन्य शैक्षिक सामग्रीहरु पनि पर्याप्त देखिँदैनन् । समग्रमा शैक्षिक सामग्रीको उपलब्धतालाई हेर्ने हो भने जनज्योति उच्च मा.वि. चुहाडेमा दृष्टिविहीन बालबालिकाहरुको लागि पाठ्यपुस्तक उपलब्ध देखिदैन । यसैगरी शिक्षण सिकाइको निमित्त नभई नहुने पाठ्यक्रम र शिक्षक निर्देशिका श्रोत कक्षामा उपलब्ध छैनन् । त्यसैगरी एकिकृत कक्षामा

अध्ययनरत बालबालिकाहरुका लागि आवश्यक पर्ने पाठ्यपुस्तक लगायत अन्य शैक्षिक सामग्रीहरुको पनि अपर्याप्त रहेको पाईयो । जसले गर्दा विद्यालयमा सबल विद्यार्थी साथीहरुसँगै बसेर अध्ययन गर्न अप्ठ्यारो रहेको पाउन सकिन्छ । आवश्यक पर्ने खेलमैदान र खेलकुदका केही सामग्रीहरु विद्यालयमा रहेता पनि दृष्टिविहीन बालबालिकाहरुका लागि भने अपर्याप्त नै रहेको देखिन्छ । पुस्तकालयको पनि अभाव रहेका भेटिएको छ । त्यसैगरी कक्षा कोठा वातावरण र डेक्स बेन्चको अवस्था पनि विद्यार्थी मैत्री देखिएन किनकी जतिपनि डेक्स बेन्च थिए सबै धारिला धारभएका, बेन्च अनुसारको डेक्सको उचाई नमिलेको, बालबालिकाहरु भन्दा अग्ला डेक्स बेन्च रहेका र कक्षाकोठाको ढोका धारभएको रहेको थियो । कुनैपनि कुराहरु लेख्नुपर्दा विद्यार्थीहरुले उभिएर नै लेख्नुपर्ने, भुईमा कार्पेट नभई चकटीको व्यवस्था रहेको पाइएको थियो । दृष्टिविहीन बालबालिकाहरुको अवस्था र उमेर समूह र विद्यार्थी संख्या अनुसार कक्षाकोठा सानो रहेको पाईयो । विद्यार्थीको वसाई साँघुरो एउटा वेन्चमा ५ जना विद्यार्थी रहेको डेक्सवेन्च अग्ला अग्ला उभिएर पढ्ने खालको पाईयो र भएका डेक्सवेन्च पनि सिमित रहेको पाईयो । विद्यार्थीको वसाईको क्षेत्र ०.७५ वर्गमिटर हुनुपर्नेमा त्यस्तो नरहेको पाईयो । नेपालमा समाहित शिक्षा ब्रोसियर २०६३ मा विशेष शिक्षाका लागि पाठ्यपुस्तक, पाठ्यक्रम अन्य सामग्रीहरु एवं उपकरणहरुको निर्धारण तथा उत्पादन गरी निःशुल्क उपलब्ध गराउने कुरा उल्लेख गरेको भएता पनि नमूना छनौटमा परेका श्रोतकक्षाहरुमा उक्त कुराहरुको अभाव देखिन्छ । जसले गर्दा विद्यार्थीले सिक्नु पर्ने र जान्नु पर्ने कुराहरु सिक्न पाएको छैनन्, जसले गर्दा विद्यालयमा दृष्टिविहीन बालबालिकाहरुको आकर्षण राम्रो भएता पनि आवश्यक सिकाइ र सीपको कमीका कारण विद्यालय आउने क्रम भने घट्दै गईरहेको पाउन सक्छौं । तसर्थ शिक्षण सिकाइलाई प्रभावकारी वनाउन सम्पूर्ण शैक्षिक सामग्रीहरु प्रत्येक श्रोतकक्षामा उपलब्ध गराउनु पर्ने देखिन्छ र आवश्यकता अनुसार शिक्षक तालिम र तालिम अनुसारको शिक्षण कार्य भए नभएको सम्बन्धित निकायले समय समयमा अवलोकन अनुगमन गर्नु पर्ने टड्कारो आवश्यकता देखिन्छ ।

### ४.१.२ प्रशासनिक व्यवस्थापन अवस्था

विद्यालयको सांगठनिक कार्यमा संलग्न व्यक्तिहरुलाई उद्देश्यपरक ढंगले काम गराउन गरिने योजना, दिईने निर्देशन, गरिने अनुगमन र तत्पश्चात प्रदान गरिने सुझाव नै प्रशासनिक व्यवस्थापन हो । विद्यालयलाई एउटा मर्यादित रुपमा अगाडि वढाउन र अध्ययनरत वालवालिकाहरुको उज्वल भविष्य निर्माणमा सकारात्मक भूमिका निर्माण गर्ने काम व्यवस्थापनले गर्दछ । जसले विद्यालयलाई एउटा सही मार्गमा हिँड्न सहयोग गर्दछ र अध्ययनरत बालबालिकाहरुको उज्वल भविष्य निर्माणमा

सकारात्मक सहयोग गर्न मद्दत पुग्दछ । यस अनुसन्धानमा अनुसन्धानकर्ताले उक्त विद्यालय प्रभावकारी ढंगवाट प्रशासनिक व्यवस्थापन गरेको छ कि छैन ? भन्ने कुरा सर्वेक्षणवाट प्राप्त विभिन्न सूचनाका आधारमा प्रशासनिक व्यवस्थापनका सम्बन्धमा गरिएको सर्वेक्षणबाट प्राप्त विभिन्न सूचनाहरुका आधारमा प्रशासनिक व्यवस्थापनको अवस्था निम्नानुसार रहेको पाइयो ।

*स्टाफको वैठक मासिक रुपमा महिना/महिनामा वस्ने गरेको सो वैठकमा प्रत्येक शिक्षकको समस्या, विद्यार्थीका समस्या, शिक्षकको शिक्षण गर्दा कसले के गर्ने भन्ने कुराको कार्य विभाजन गर्ने गरिएको जनाकारी प्रधानध्यापक सँग भएको अनौपचारिक छलफलवाट जनाकारी प्राप्त गरिएको थियो । विद्यालयमा भएको प्रत्येक मासिक रुपमा स्टाफ वैठकमा भएका छलफलका कुराहरु अनुगमनका रुपमा आउने स्रोत व्यक्तिलाई जनाकारी गराईएको र विवरण हरु पनि प्रदान गरिएको जानकारी प्र.अ.वाट आएको थियो । "स्टाफ वैठकमा भएको विषय तथा छलफलको जानकारी व्यवस्थापन समितिलाई समेत दिने गरिएको छ भनेर स्रोत शिक्षकले वताएको छन् ।"*

माथिको विवरणवाट के देखिन्छ भने नमूना विद्यालयमा विद्यालयको कार्य सम्बन्धी सरसल्लाह गर्ने गरेको भन्ने सहभागी शिक्षकहरु र प्रधानाध्यापकवाट जानकारी प्राप्त भएको छ । शिक्षकको कार्य अनुगमन तेस्रो प्राथमिकतामा परेको छ, किनकि विद्यालयका सहभागी शिक्षकहरु मध्ये कसैले पनि सो अनुगमनकार्य सञ्चालन सम्बन्धी काम नभएको प्रतिकृया व्यक्त गरेको छन् । एकातिर पाठ्यपुस्तकको अभाव, शैक्षिक सामग्रीको अभाव र कक्षाकोठाको पढ्ने वातावरण असहज प्रकृतिको भएका कारण समस्या भएको पाईयो ।

### ४.१.३ प्राज्ञिक व्यवस्थापनको अवस्था

शैशिक संस्थाको सर्वोपरि विकासको निमित्त त्यसमा संलग्न व्यक्तिहरुको तालिम, तिनीहरुको शैक्षिक योग्यता, कार्यप्रतिको प्रतिवद्धता र अनुभव जस्ता कुराहरु महत्वपूर्ण हुन्छन् । त्यसैले यो अनुसन्धानमा अनुसन्धानकर्ताले छनोटमा परेका विद्यालयको कसरी व्यवस्थापन गरेको छ जस्ता कुराहरुको तथ्याङ्क संकलन गरेको थियो । तलको तालिकामा यस तथ्याङ्कलाई निम्नानुसार देखाइएको छ।

## तालिका ४.१.३

### श्रोत शिक्षक एवं आयाको विवरण

| क्र.सं. | स्रोत शिक्षक | | आया | | कैफियत |
|---|---|---|---|---|---|
| | योग्यता | तालिम अवधि | योग्यता | तालिम अवधि | |
| १ | एस.एल.सी | १ महिना र १२ दिने जागरण तालिम | ८ पास | १ हप्ता | |
| २ | स्नातक | – | ५ पास | – | |

*स्रोतः स्थलगत सर्वेक्षण २०७०*

माथिको तालिका अनुसार स्रोतशिक्षकको शैक्षिक योग्यता एस.एल.सी. र स्नातक तह रहेको छ । विशेष शिक्षा सम्बन्धी १ महिने तालिम स्रोत शिक्षक शंकर खडका ले २०५४ सालमा नेपाल नेत्रहिन संघको केन्द्रिय कार्यालय त्रिपुरेश्वर बाट लिएको । अविरल पाठक आफैं एक दृष्टिविहीन भएकाले र २०६५ देखि यस श्री जनज्योति उच्च माध्यमिक विद्यालय चुहाडेमा करारमा नियुक्त भएकाले तालिम प्रदान गर्ने निकायले तलिम नै संचालनमा नल्याएका कारण बञ्चित रहेको पाइयो । सम्बन्धित तालिम दिने निकायले २०५७ सालयता २०६१ सालमा १२ दिने जागरण तालिम सञ्चालन गराएको त्यसपछि अन्य कुनै पनि तालिम कार्यक्रम नगराएकोले सो अवसर नपाएको जानकारी सम्बन्धित स्रोत शिक्षक र अन्य शिक्षक साथै प्र.अ सँग गरिएको प्रत्यक्ष कुराकानि तथा अन्तरवार्ता बाट प्राप्त भएको छ । बालबालिकाहरुलाई हेरचाह गर्नको निमित्त व्यवस्था गरिएको आयाहरुको योग्यता आधारभूत तहको रहेको छ ।

विशेष शिक्षा सूचनामूलक पुस्तिकामा उल्लेख भए अनुसार स्रोतकक्षा संचालन गर्नेको निमित्त प्राथमिक शिक्षकका लागि विशेष शिक्षा सम्बन्धी १२ दिने जागरण तालिम, आधारभूत तालिम र एक महिने विशेष तालिमको व्यवस्था हुनुपर्ने भनिएतापनि २०६५ साल यता सो वमोजिम रहेको पाइएन । तालिमको लागि केन्द्रिय निकायवाट नै कुनै कार्यक्रम चालु नभएकोले होला तालिममा सहभागि नगराएको भन्ने स्रोतकक्षाका स्रोत शिक्षकले वताए । स्रोतकक्षा संचालन गर्दा १ महिनाको विशेष शिक्षा सम्बन्धी तालिम मात्र लिएको र एकपटक सिकेका कुरा संधैका लागि दिगो नहुने भएकोले तालिमको अभाव रहेको कुरा व्यक्त गरेका छन् । उक्त समस्यालाई समाधान गर्न के गर्न सकिन्छ ? भनि प्रश्न गर्दा स्रोत शिक्षक तथा आयाहरुले विशेष शिक्षा सम्बन्धी पुनर्ताजगी तलिमको व्यवस्था राज्यले वेलावेलामा गर्नु पर्ने कुरा व्यक्त गरेका छन् ।

यसरी समग्रमा भन्नुपर्दा स्रोत शिक्षक र आयाको भनाई अनुसार विशेष शिक्षा अन्तर्गतका स्रोतकक्षाको समस्याको रुपमा पाठ्यपुस्तक तथा पाठ्यक्रमको अपर्याप्तता र शिक्षक तथा आयालाई

तालिमको अभाव रहेको देखिन्छ भने उक्त समस्या समाधान गर्न शिक्षकलाई समय परिवर्तन सँगै पुनर्ताजगी तालिम प्रदान गरेर उनीहरुको पेशागत क्षमता र दक्षता अभिवृदि गर्नु पर्ने देखिन्छ साथै दृष्टिविहीन बालबालिका अनुकुल पाठ्यक्रम तथा पाठयपुस्तक स्रोतकक्षमा साथै एकिकृत कक्षामा समयमै उपलब्ध गरिनु पर्ने देखिन्छ ।

दृष्टिविहीन सम्बन्धि विशेष शिक्षा सम्बन्धी पूर्ण तालिम लिएको शिक्षकले जति प्रभावकारी रुपमा शिक्षण गर्न सक्छ त्यति तालिम पूरा नगरेको शिक्षकले राम्रोसँग शिक्षण गर्न सक्दैन । एकिकृत कक्षामा दृष्टिविहीन बालबालिकाहरुलाई शिक्षण गर्ने शिक्षकहरु विशेष शिक्षा सम्बन्धी तालिम नलिएको पाइयो तालिम नलिनुको कारण सम्बन्धित निकायले कुनैपनि किसिमको तालिम सन्चालन नगर्नु प्रमुख रहेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने विशेष शिक्षाको लागि आवश्यक पर्ने उपयुक्त मानव संसाधनको व्यवस्थापन उचित तवरबाट हुन नसकेको पाइयो ।

### ४.१.४ दृष्टिविहीन विद्यार्थीहरुको विवरण

विशेष शिक्षा सञ्चालन भएको उपरोक्त विद्यालयमा विशेष शिक्षाको लक्षित विद्यार्थीको विवरण तलको तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका ४.१.४**

**स्रोतकक्षामा र एकिकृत कक्षामा अध्ययनरत दृष्टिविहीन विद्यार्थी विवरण**

| स्रोतकक्षा | | आवासीय | | | घरबाट आउने | | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| स्रोतकक्षा | दृष्टिविहीन | ४ | ५ | ९ | ३ | २ | ५ | १४ |

**एकिकृत कक्षाका दृष्टिविहीन विद्यार्थी विवरण**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा ३मा | दृष्टिविहीन | – | २ | २ | – | – | – | २ |
| कक्षा ४मा | दृष्टिविहीन | – | १ | १ | – | – | – | १ |
| कक्षा१०मा | दृष्टिविहीन | – | – | – | – | ३ | ३ | ३ |
| जम्मा | | ४ | ८ | १२ | ३ | ५ | ८ | २० |

*स्रोत: स्थलगत सर्वेक्षण २०७०*

माथिको तालिका अनुसार स्रोतकक्षामा ४ छात्र र ५ छात्रा आवासमा रहने गरेको र ३ छात्र र २ छात्रा घरबाट आउने गरी जम्मा १४ जना दृष्टिविहीन विद्यार्थीहरु विद्यालय आउने गरेको पाइयो । जम्मा ३० जानाको कोटामा स्रोत कक्षामा स्रोत कक्षामा १४ जना र एकिकृत कक्षामा अध्ययनरत समाहित कक्षाका बालबालिकाहरु कक्षा ३ मा २ छात्रा, कक्षा ४ मा १ छात्रा र कक्षा १० मा ३ छात्रा

गरी कूल २० जना  दृष्टिविहीन विद्यार्थीहरुले यस जनज्योति उच्च माध्यमिक विद्यालय चुहाडे मा अध्ययनको अवसर पाइरहेका यस तथ्यांकले देखाएको छ । दृष्टिविहीन छात्रका तुलनामा छात्रा दृष्टिविहीनको संख्या धेरै रहेको पाउन सकिन्छ । ३० जनाको कोटा भएको विद्यालयमा कोटा अनुसारको विद्यार्थी संख्या भने पुरा नभएको पाइयो । यसको कारण कोही बसाइसरी परिवार सँग अन्यत्र गएकाले र कसैका परिवारले नपठाएकाले सो अवस्था सिर्जना हुन गएको स्रोत शिक्षकको धारणा रहेको छ । विद्यालयले पर्याप्त पाठ्यपुस्तक उपलव्ध गराउन नसकेकोले र विद्यालयमा गएरपनि आफुले चाहेजस्तो शिक्षा नपाएको कारण विद्यालयबाट परिवारले बालबालिकाहरुलाई निकालेर लगेको जानकारी दृष्टिविहीन बालबालिकाहरुसँगको मौखिक अन्तरवार्ताबाट प्राप्त भएकोछ ।

दृष्टिविहीन बालबालिकाहरुको पठन पाठनमा वाधा नपरोस भन्नका लागि घरबाट आउनजान नसक्ने र आर्थिक अवस्था  कमजोर भएका विद्यार्थीहरुका लागि आवसीय छात्रवृतिको व्यवस्था गरिएको कुरा विशेष शिक्षा नीति, २०५३ मा उल्लेख गरे बमोजिम उक्त नमूना छनौट श्रोतकक्षाहरुमा पनि आवसीय व्यवस्था सो अनुरुप नै गरेको पाइयो । भवन भने जीर्ण अवस्थामा रहेको पाइयो । बालबालिकाहरुका लागि अध्ययन गर्ने कक्षाको वातावरण पनि दृष्टिविहीन बालबालिका मैत्रि देखिएन । त्यसैगरी विशेष शिक्षा सूचनामूलक पुस्तिकामा एउटा स्रोतकक्षामा कम्तिमा १० जना विद्यार्थी हुनु पर्ने भनि उल्लेख गरे बमोजिम उक्त प्रावधान अनुरुप विद्यार्थी संख्या नरहेको पाईयो ।

**४.२ दृष्टिविहीन विद्यार्थीहरुको शैक्षिक पक्ष**

दृष्टिविहीनहरुका लागि विशेष शिक्षा कार्यक्रम अन्तर्गत संचालित स्रोतकक्षाहरुमा तथा एकिकृत कक्षाहरुमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धि एवं उनीहरुको सिकाइ र अध्ययन प्रतिको आकर्षण शिक्षा प्रतिको उनीहरुको विचार बुझ्न स्रोतकक्षाका स्रोतशिक्षकहरुसँग मिलेर शैक्षिक रुची पत्तालगाउनको लागि कक्षा अवलोकन गर्ने कार्य गरियो । विद्यार्थीहरुलाई उनीहरुले सिकेका ज्ञान र सीपहरु साथीहरु समक्ष कक्षामा प्रस्तुत गर्न उत्प्रेरित गराइ सोको अवलोकन गरियो । यस सन्दर्भमा प्र.अ.सँग समेत छलफल गरी आवश्यक जानकारी लिईएको थियो । साथै दृष्टिविहीन बालबालिकाहरुलाई दिइदै आएको विशेष शिक्षा कार्यक्रमले विद्यार्थीहरुको सिकाइलाई कसरी सहयोग पुगेकोछ ? जस्ता कुराहरु सम्बन्धि सूचना पत्ता लगाउनको निमित्त विद्यार्थीहरुसँग प्रत्यक्ष अन्तरवार्ता गरी धारणा लिने कार्य गरिएको थियो । विद्यार्थीहरुको सिकाइ अवस्थाको पहिचान गर्न मुख्य रुपले श्रोतकक्षामा अध्ययनरत बालबालिकाहरुको शैक्षिक सहभागीता, शिक्षण सिकाइमा देखाएको सकृयता, संचार र भाषा विकास क्षेत्र, गीतसंगीत प्रतिको आकर्षण, स्वावलम्बन क्षेत्र, विद्यालय शिक्षण क्षेत्र, सामाजिक विकास क्षेत्र एवं संवेगात्मक विकास क्षेत्रको लेखाजोखा गर्ने कार्य गरियो । शैक्षिक

सहभागीता र सकृयता सकारात्मक रहेको पाईयो । त्यस लेखाजोखाबाट प्राप्त नतिजालाई हेर्दा दृष्टिविहीन बालबालिकाहरु बौद्धिक विकास, स्वावलम्वन विकास क्षेत्र, सामाजिक विकास क्षेत्र, र संवेगात्मक विकास क्षेत्रमा यिनिहरुको राम्रो रहेको देखिन्छ । बढी रुचीको विषय संगीत तर्फ रहेको तर विद्यालयले सो सम्बन्धि कुनैपनि चासो नराखेको गुनासो विद्यार्थीको पाइयो भने संगित सिकाउने शिक्षकको अभाव र जिल्ला शिक्षा कार्यलयले र प्रशासनले पनि यसप्रति कुरा उठ्ता समेत आर्थिक अभावका कारण देखाई वेवास्था गरेको प्रतिक्रिया शिक्षकबाट प्राप्त भएकोछ । यसरी विशेष आवश्यकताका बालबालिकाहरुको शैक्षिक लेखाजोखा गर्दा दृष्टिविहीनले हरेक क्षेत्रमा राम्रो गरेका छन् । समग्रमा हेर्दा विशेष श्रोतकक्षामा अध्ययनरत विद्यार्थीहरुको स्रोत विद्यालय शिक्षा प्रति शिक्षण सिकाइमा सकारात्मक धारणा र रुची भएको पाईएता पनि विद्यार्थीहरुको हरेक क्षेत्रमा अझ सुधार गर्नुपर्ने देखिन्छ ।

**४.३ स्रोतकक्षा प्रतिको दृष्टिविहीन बालबालिकाहरुको धारणा**

विद्यालयको शैक्षि प्रक्रिया जटिल किसिमले अगाडि वढेको अवस्थामा शैक्षिक प्रक्रिया जटिल किसिमले अगाडि वढेको अवस्थामा शैक्षिक सामग्री र पाठ्यपुस्तकको अभावका वावजुद पनि दृष्टिविहीन वालवालीकाले स्रोत कक्षा शिक्षालाई एउटा जीवनको महत्वपुर्ण पक्ष मानेको कुरा यसरी व्यक्ति गरेका छन् । एक दृष्टिविहीन विद्यार्थीलाई तपाईलाई यस स्रोत विद्यालयले दिदै आएको शिक्षाप्रति केही भन्न मन लागेको छ? भनी सोद्धा भनाई यस प्रकार रहेको छ " *मैले यस शिक्षावाट आफु साक्षर वन्न सकेको छु हिजो म वाहीर पनि अन्धकार र शुन्यतामा थिएँ मेरा दुवै आँखा वन्द थिए आज मेरो वाहिरी संसार देख्ने आँखा नभएतापनि मानविय भावना, विभेद छुट्याउन सक्ने भित्री आँखा पाएको छु यसमा म गौरव गर्छु आज मेरो आफ्नो शुन्यतालाई सक्रियतामा र अवसरा रुपमा प्रयोग गर्न पाएको छु, मानव भई कन मानवको ममता पाउन कठिन भएर आफ्ना चित्त नवुझेका विषयहरु र कुराहरु भन्न सकेको थिईन आज ति असन्तुष्टिका पक्षहरु अभिव्यक्ति गर्ने क्षमता यसले दिन सफल भएको छ ।"* त्यस्तै अरु दृष्टिविहीन वालवालिकाहरुको धारण यस्तो रहेको छ । *"यस स्रोत शिक्षाले हामीलाई हाम्रो वाहिरी संसार कस्तो छ हामी लाई थाहा छैन हामी जहाँ अन्धकारमा छौं हाम्रा आँखा नखुलेर वाहिर प्रकृतिलाई हेर्न पाएका छैनौ तथापि यस्तो संसारमा हाम्रो कर्तव्य, हामीले अन्य व्यक्तिवाट पाउने सरसहयोग यस शिक्षा प्राप्त गर्न थालेपछि पाएका छौं, यो शिक्षाले हामीलाई केही साक्षरवनाएको छ तर शिक्षाले व्यावहारिक र सिप मुलक शिक्षा दिन सकेको छैन हामीजस्ता दृष्टिविहीनहरुको एउटा चाहना यो हो कि हाम्रो आँखा छैन तर हाम्रो भावना छ हामी त्यो भावनालाई गीत संगितको माध्यमवाट सवै सामु हाम्रा समस्याको जानकारी गराउन चाहन्छौं त्यसको सुविधा*

*यहाँ छैन संगितका कुनै पनि कक्षा संचालन पनि छैनन् न त सामग्री नै छन् अन्य पक्षमा सवै राम्रो रहेको छ विद्यालयको शिक्षकहरुको माया, साथीहरुको प्रेरणा हौसला पाएका छौ समाज परिवारको साथ सहयोगले आज हामी यहाँ छौँ खुसी छौँ ।"* **तपाईहरुलाई यहाँ शिक्षण गर्दा पाठ्यपुस्तक, कक्षाकोठा र वसाईमा कुनै समस्या देखिएको छ ? भनेर सोद्धा यस्तो प्रतिक्रीया प्राप्त भएको थियो** *"समस्या त यहाँ धेरै छ पाठ्यपुस्तक विना नै कक्षामा वस्नु परेको शिक्षकले पढाएको भरमा वस्नु परेको छ अभ्यास गर्न कुनै पाठ्यपुस्तक छैन सिमित पाठ्यपुस्तक छन्, भएका शैक्षिक सामग्रीहरु सवै साथीहरुलाई पुग्दैनन् शिक्षकले दिएको गृहकार्य र कक्षा कार्य गर्न पनि समस्या छ, अन्य थप शैक्षिक सामग्री पनि छैन, २ वटा टेप रेकर्ड र शिक्षक निर्मित केही ब्रेल पाठ्यपुस्तक रहेका छन् तिनै पालोपालो गरी पढ्ने गर्छौं । खेलकुदका सामग्री केही पनि छैनन् वस्नका लागि चाहिने चकटीहरु पनि पुराना छन्, पठनपाठनमा एकदमै कठीन भएको छ ।"* **दैनिक जिवनमा के कस्ता सहयोग पुऱ्याउन सफल भएको पाउनु भएको छ यो शिक्षाले अझ कस्तो भए हुन्थ्यो जस्तो लागेको छ ?** *भन्ने प्रश्नको जवाफमा यस्तो प्रतिक्रिया रहेको थियो । "यसले समाजका मानिसहरुले हामीप्रति व्यवहारमा परिवर्तन पाएका छौ हिँजो हामीलाई यो अन्धाले के गरेर खाला पृथ्वीलाई भार हो यो जहाँगएपनि केही होलाकी भनेर डराई रहनु पर्ने भन्ने परिवारका वोझिला शव्दहरु सुन्नु पर्दथ्यो । आज यसले पनि अव केही गर्न सक्ने भयो केही सिक्यो आफुलाई वाँच्न सक्ने आफ्नै कलाले र सिपले केही गर्न सक्ने आफुमा भएका भावना र चित्त नवुझेका कुराहरु भन्न सक्ने भयो भन्छन् केही माया ममता वढाएको छ र केही सिकेका सिपले आफुलाई आत्मनिर्भर गराउन सक्छु जस्तो महसुसको ज्ञात गराएको छ । जति सुविधा प्रदान गर्नु पर्नेहो त्यो त यस शिक्षाले दिन सकेको छैन तर जति छ त्यसले पनि केही वाटो देखाएको छ सन्तुष्ट नै छौ ।"* भन्ने धारणा तथा प्रतिक्रीया व्यक्त गरेका छन् साथै भाषिक सीपहरु सुनाई वोलाई पढाई र लेखाईमा आवश्यक सफलता प्राप्त गर्न सकेको र स्रोत कक्षा शिक्षाले नै उक्त वातावरण सिर्जना गरेको हुँदा यस्ता कार्यक्रमहरु सवै विकट ग्रामिण भेगहरुमा सञ्चालन गर्नुपर्ने र दृष्टिविहीन लगायतका सवै प्रकृतिका अपाङ्गहरुलाई उचित शिक्षा प्रदान गर्नुपर्ने सुझाव समेत दृष्टिविहीन वालवालीकाहरुको रहेको थियो ।

स्रोतकक्षाले दृष्टिविहीन बालबालिकाहरुको दैनिक जीवनमा के कस्तो सहयोग पुऱ्याएको छ ? भन्ने प्रश्नको जवाफमा **प्रधानाध्यापकको धारणा** यस प्रकार रहेको छ । विशेष शिक्षा स्रोतकक्षाले वालवालीकाहरुलाई सामान्य गणितीय समस्या समाधान गर्नसक्ने, पैसा छामेर चिन्न सक्ने सिपहरु प्रदान गरिएको र मैनवत्ति निर्माण र अगरवत्ती निर्माण सम्वन्धित तालिम दिई आत्मविश्वासका साथ काम गर्नसक्ने सीप प्रदान गरिएको छ भन्ने प्रतिक्रिया रहेको पाईयो भने स्रोत शिक्षकले समाजमा

उनीहरुप्रति हुने अन्यायप्रति आवाज उठाउन सक्ने र सही गलत के हो पहिचान गरी आफ्ना प्रतिक्रिया दिनसक्ने क्षमताको विकास यस शिक्षाले गरेको प्रतिक्रिया प्राप्त भएको थियो । *" वर्तमान शिक्षा प्रणालीले अधिकांश दृष्टिविहीन वालवालीकाहरुलाई समेट्न सकेको छैन । यसको पछाडि हाम्रो आर्थिक र सामाजिक कारण त छदैछ, यसका साथै विशेष शिक्षा कार्यक्रमलाई व्यापक वनाउन नसकिएकोले अझै पनि धेरै दृष्टिविहीन बालबालिकाहरु विद्यालयको पहुँचभन्दा वाहीर रहेको देखिन्छ ।"* भन्ने प्रतिक्रिया प्रधानाध्यापकवाट प्राप्त भएको थियो । यसैगरी तपाईको विद्यालय स्रोतकक्षा र एकिकृत कक्षामा के के समस्या रहेका छन् ? भनि छलफल गर्दा *"स्रोत शिक्षक एकजना मात्र भएको हुँदा स्रोत शिक्षक विदामा वसको समयमा कक्षा संचालन गर्न अप्ठ्यारो परेको, समाजमा अझै पनि दृष्टिविहीन प्रतिको धारणा नकारात्मक नै रहेको हुँदा स्रोतकक्षामा अध्ययनरत विद्यार्थीहरु अन्य विद्यार्थिहरु अन्य विद्यार्थीहरुवाट अपहेलित हुनु परेको, विद्यार्थीहरुलाई दिईने आर्थिक सुविधाहरु कम रहेको र जिल्ला शिक्षा कार्यालयवाट हुने अनुगमन प्रशासनिक मात्र भएकोले स्रोतकक्षामा समस्या रहेको छ ।"* त्यसैगरी दृष्टिविहीन बालबालिकाहरुको धारणा भने पाठ्यपुस्तक, शैक्षिक सामग्री लगायत शिक्षक  अपर्याप्तताका कारण शिक्षक विदामा वसेको अवस्थामा कक्षा नहुने पढ्न नपाईने र आवश्यक मात्रामा शैक्षिक सामग्रीको अभावका कारण सिकाईमा कठीनाई भईरहेको छ यस्तो अवस्थामा पनि यो शिक्षाले हामीहरुलाई हाम्रो  दैनिक जीवनमा धेरै कुरामा सहजता ल्याएको छ भन्ने सहभागि वालवालीकाहरुको धारणा रहेको पाईयो ।

**४.४ स्रोतविद्यालयमा देखिएका समस्याहरु**

स्रोतकक्षामा देखापरेका समस्या र समाधानका उपायहरुको विश्लेषण गर्ने क्रममा नमूना स्रोतकक्षाका स्रोत शिक्षक तथा आयाहरुसँग स्रोत कक्षा संचालनमा के कस्ता समस्याहरु देखापरेका छन् ? भन्ने प्रश्नको जवाफमा विगत १७ वर्षदेखि विशेष  शिक्षा अन्तर्गतका स्रोत कक्षाहरु संचालन भएता पनि विना शैक्षिक सामग्री शिक्षण गरिरहनु पर्दा के पढाउने र के सिकाउने भन्ने समस्याले घेरिएको छ न पाठ्यपुस्तक छ न शिक्षक निर्देशिका न विद्यार्थीका लागि आवश्यक साधारण शैक्षिक सामग्री नै जसले गर्दा शिक्षण गर्न एकदम कठीन भएको शिक्षकहरुको गुनासो पाईयो भने यस्तो परिस्थितिमा पनि दृष्टिविहीन विद्यार्थीहरुलाई जसोतसो शिक्षा दिदै माध्यमिक तथा उच्च तह सम्म पुऱ्याईएको धारणा सम्बन्धित स्रोत शिक्षकले व्यक्त गरेका छन् । दृष्टिविहीन विद्यार्थीहरुको सिकाई अवस्था कमजोर हुनुको मुख्य कारण के हो ? भन्ने प्रश्नको जवाफमा सम्वन्धित स्रोतशिक्षकहरुको यस्तो प्रतिकृया रहेको थियो, "दृष्टिविहीन छात्रछात्राहरुको लागि आवश्यक पाठ्यपुस्तक र टेप रेकडको अभाव नै मुख्य हो किनकी शिक्षकले कक्षामा पढाएको कुरा उनीहरुले दोहोऱ्याएर पढ्न र

सुन्न सक्दैनन् जसले गर्दा कुनै करा अभ्यासमा आउन जटिल हुन्छ उनीहरुलाई त्यसैले कमजोर भएको हो ।" भन्ने कुरा स्रोतशिक्षकले व्यक्त गरेका छन् । साथै यिनीहरुलाई कसरी शिक्षामा अगाडि वढाउन सकिन्छ त ? भन्ने प्रश्नको जवाफमा उनीहरुको प्रतिक्रीया यस्तो रहेको थियो," उनीहरुलाई दैनीक जीवनमा आधारभुत सिपहरु र व्यावसायिक एवं सिपमूलक शिक्षा दिनु पर्ने आवश्यकता देखिन्छ ।" यसैगरी दृष्टिविहीन कक्षामा अध्यापन गराउने स्रोत शिक्षकको धारणा यस्तो रहेको थियो , " दृष्टिविहीन बालबालिकाहरुका लागि ब्रेल पाठ्यपुस्तकको व्यवस्था गर्न सकेको अवस्था छैन । यी वालवालीकाहरुका लागि पाठ्यक्रम, पाठ्यपुस्तक एवं ब्रेल कापी स्थानिय वजारमा उपलव्ध हुन नसकेको र शिक्षा विभागमा माग गर्दा समयमा आवश्यक पाठ्यपुस्तक उपलव्ध नहुने हुदा यी वालवालीकाहरुको पठनपाठनमा अवरोध हुन जान्छ ।" भन्ने धारणा दृष्टिविहीन कक्षामा अध्यापन गराउने स्रोतशिक्षकको रहेको पाईयो ।त्यसैले उक्त समस्या समाधान गर्नको निमित्त माथिल्लो तहवाट नै ध्यान पुऱ्याउनु पर्ने कुरामा जोड दिएको पाईन्छ ।

स्रोत विद्यालयमा व्यवस्थापकीय पक्षलाई हेर्दा दृष्टिविहीन वालवालीकाहरुको लागि उपयुक्त कक्षा कोठाको व्यवस्था कायम गर्न नसक्नु, डेक्स वेन्चको अवस्था वालवालीकाहरु मैत्री नभएको, शैक्षिक सामग्रीको अभाव, सामग्रीहरु अव्यवस्थित र असुरक्षित अवस्थामा रहेको साथै शौचालय, खेलमैदानको अवस्था वालमैत्री नरहेको पाईयो । विद्यालय भवनको छानो टिनको रहेको र त्यो पनि पुरानो र जीर्णअवस्थामा रहेको, गर्मीमा अत्याधिक गर्मी र अँध्यारो कक्षाकोठा रहेको तथा पंखाको व्यवस्था नभएको पाईयो ।

मानवीय स्रोतलाई हेर्ने हो भने ३० जनाको कोटा भएको कक्षामा विद्यार्थीसंख्या २० मात्र रहेको, स्रोतशिक्षक संख्या स्थायी एकजना र करारमा एकजना मात्र रहेको, वालवालीकाहरुलाई आवासमा हेरचाह गर्ने आयाको संख्या दुईजना रहेको थियो । वालवालीकाहरुलाई स्रोतविद्यालय शिक्षाप्रति शैक्षिक सामग्री र पाठ्यपुस्तक र शिक्षकको अनुपस्थितिको समयमा विद्यालय वन्दहुने समस्याले नैरास्यता ल्याएको पाईयो ।

## परिच्छेद पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

अनुसन्धानकर्ताले अध्ययन क्षेत्रमा गरेको अध्ययन अनुसन्धानका क्रममा संकलित तथ्याङ्क, सूचना, अभिलेख अध्ययन, श्रोतकक्षाको स्थलगत अवलोकन, जानकारीहरुको विश्लेषण, व्याख्या र प्रस्तुतिकरणको आधारमा प्राप्त जानकारीलाई अध्ययनको निश्कर्ष र सुझावको रुपमा  प्रस्तुत गरिएको छ ।

### ५.१ प्राप्ति

विद्यालयको स्टाफ बैठक बस्ने गरेको, कार्यविभाजन गर्ने गरेको, शिक्षाको कार्य अनुगमन गर्ने गरेको पाईयो तर प्रजातान्त्रिक तरीकाले निर्णय गर्ने परिपाटी भने कम रहेको पाईयो अर्थात जिल्ला शिक्षा कार्यालय एवं स्रोतकेन्द्र बाट हुने निरीक्षण अनुगमन प्रशासनिक कार्यमा मात्र  सिमित रहेका पाइयो ।

विद्यालयमा भौतिक सुविधा उपयुक्त नै पाइएता पनि विद्यालयमा नै प्रयोगशाला र कम्प्युटरको अभाव रहेको पाईयो । विद्यालयले कक्षा कोठा उपलब्ध गराएको भएता पनि विद्यार्थीहरुको सिकाइका लागि कुनै सहयोग गरेको पाइएन तर तिनै विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई शिक्षकले समान व्यवहार गरी मायालु वातावरवणमा शिक्षण गरेको पाइयो ।

हाल जिल्लामा संचालित स्रोतकक्षाहरुले जिल्लाका सबै दृष्टिविहीन बालबालिकाहरुलाई समेटन नसकेको पाइयो । शैक्षिक गुणस्तर वृद्धिका लागि स्रोतकक्षाको व्यवस्थापन गर्न समुदाय, राज्य, शिक्षक सरोकारवाला सबैको उत्तिकै प्रयास हुन आवश्यक भएकोले राज्यले शिक्षाको दायित्वबाट पञ्छिन हुदैन ।

स्रोतकक्षा संचालनमा अभिभावकहरुको संलग्नता र सहयोग पनि एकदमै कम मात्रामा पाइयो । स्रोतकक्षामा अध्ययनरत विद्यार्थीहरु मध्ये, आवसीय रुपमा अध्ययनरत संख्या धेरै रहेको पाइयो किनकि दृष्टिविहीन बालबालिकाहरुलाई आवत जावतमा कठिनाई हुने भएकोले घरबाट आवत जावत गर्न नसक्ने अवस्था रहेको पाइयो ।

स्रोतकक्षामा अध्ययनरत विद्यार्थीहरुको पठन-पाठनको साथै सीपमूलक तालिमको व्यवस्था गरिनु आवश्यक देखिएता पनि त्यस्तो तालिमको कुनै व्यवस्था गरिएको पाइएन भने हाल लागु गरिएका पाठ्यक्रम एवं पाठ्यपुस्तकका रुपमा दृष्टिविहीनहरुको शिक्षाको लागि छुट्टै व्यवस्था नगरेको पाईयो ।

विद्यालय शिक्षा क्षेत्रमा विद्यालय व्यवहार, भाषा, पढाइ, लेखाइ, गणित, सामाजिक अध्ययन तथा कक्षा बाहिरका सीपहरुमा दृष्टिविहीनहरुको सिकाइ उच्च रहेको पाईयो बालबालिकाहरुको सहभागिता पनि राम्रै रहेको पाईयो साथै स्रोतकक्षा र एकिकृत कक्षामा अध्ययनरत दृष्टिविहीनहरुको पढाई राम्रो पाईयो ।

सबै बालबालिकाहरुको विशेष किसिमले स्रोत कक्षा मार्फत र एकिकृत रुपमा सन्चालित समाहित शिक्षा र स्रोत शिक्षा प्रतिको दृष्टिविहीन बालबालिकाहरुको धारणा राम्रो रहेको पाइयो तर यस शिक्षालाई बढी व्यावहारिक, सीपमुलक र पर्याप्त शैक्षिक सामग्री र शिक्षक तालिम प्रदान गरी पुर्व तयारीका साथ अगाडि बढाउनु पर्ने सुझाव पनि उनीहरुको रहेको पाईयो ।

विशेष शिक्षामा योजनाको अभाव एवं सही जनशक्तिको अभाव रहेको पाइयो  किनकि विशेष शिक्षा सामान्य शिक्षा भन्दा महङ्गो र हाम्रो जस्तो मूलुकका लागि चुनौतीपूर्ण कार्य हुदाहुदै पनि शिक्षालाई मूलधारमा ल्याउने प्रयास भने भैरहेको पाइएको छ ।

## ५.२ निष्कर्ष

विशेष शिक्षा कार्यक्रमले विशेष बालबालिकाहरुको व्यवहारमा परिवर्तन आएको अध्ययनबाट देखिन्छ । तर पनि विशेष बालबालिकाहरु शिक्षाको अवसरबाट बञ्चित रहेको अवस्थाले गर्दा उनीहरुको समाजमा सामान्य नागरिक सरह जीवनयापन गर्न सक्ने अवस्था रहेको पाँइदैन । विशेष बालबालिकाहरुलाई शिक्षामा पहुँच पुऱ्याउनका लागि विशेष शिक्षा कार्यक्रमको विस्तार गरिएतापनि यसले सम्पूर्ण दृष्टिविहीन बालबालिकाहरुलाई समेटन सकेको पाइदैन । विशेष बालबालिकाहरुका हक हितका लागि विभिन्न नीति, नियमहरुको व्यवस्था गरिएको भएता पनि ती नीति, नियमहरुको कार्यान्वयन हुन सकिरहेको पाइदैन ।

विशेष बालबालिकाहरुलाई शिक्षामा समान अवसर प्रदान गर्न स्रोतकक्षाहरु संचालन गरिएतापनि उक्त स्रोतकक्षामा अध्ययनरत विद्यार्थीहरुको सिकाइमा राम्रो सुधार हुन सकेको पाइदैन । यी बालबालिहरुलाई पठन-पाठन गर्ने कार्य एकातिर चुनौतिपूर्ण छ भने अर्को तर्फ स्रोतकक्षाहरुमा सामग्रीहरुको उपयूक्त व्यवस्था नहुनु, शिक्षकको अभाव, शिक्षक तालिमको अभाव, योजना विनाको शिक्षण क्रियाकलाप, पाठ्क्रम र पाठ्यपुस्तकको अभाव, आर्थिक स्रोतको अभाव जस्ता कारणले शैक्षिक गुणस्तर प्राप्त गर्न समस्या उत्पन्न भएको र बालबालिकाहरुमा स्रोतकक्षा शिक्षाप्रति व्याबहारिकताको कमी र पर्याप्त शैक्षिक सामग्री, पाठ्यपुस्तक, पाठ्यसामग्रीको अभाव र शिक्षण सिकाइका समस्या आएकोले दैनिक जीवनमा सहज रुपमा कार्य गर्न साथै आत्म विश्वासका साथ कार्य गर्न सक्ने वातावरण यस शिक्षाले. सिर्जना गर्न नसकेको उनीहरुको गुनासो रहेको पाइयो ।

आर्थिक स्रोतको अधिकांश रकम तलब भत्तामा जाने र अरु प्रयोजनका लागि छुट्टै रकम उपलब्ध नगर्नाले शैक्षिक उपलब्धि हासिल गर्न नसकेको अवस्थामा उक्त कुराहरुको व्यवस्था गर्न आवश्यक देखिन्छ ।

दृष्टिविहीनहरुका लागि संचालित विशेष शिक्षा श्रोतकक्षालाई आर्थिक, भौतिक, व्यवस्थापन गर्नको निमित्त सम्बन्धित क्षेत्रको अभिभावकहरुलाई चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुको साथै स्थानीय निकाय, संघसंस्थासँग समन्वय गरी आर्थिक सहयोग प्राप्त गर्ने वातावरवण बनाउन उत्प्रेरित गर्नु पर्छ । यसैगरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालय प्रति अभिभावकहरुको सकारात्मक सोच बनाउन सबै पक्ष क्रियाशील भई विद्यालय प्रति अभिभावक समुदायको उत्तरदायित्व र जवाफदहिता बढाउनु पर्छ ।

दृष्टिविहीनहरुका लागि विशेष शिक्षा लागु हुनु पूर्व अभिभावकहरु यस सम्बन्धमा अनविज्ञ रहेता पनि उक्त कार्यक्रम लागु भए पश्चात विशेष शिक्षाको सन्देश गाउँघर सम्म फैलिएको छ । यस्तो अवस्थामा यस कार्यक्रमको लागि केन्द्रको मुख ताक्ने बानीलाई अन्त गरेर ग्रामिण स्तरमानै विशेष शिक्षा सम्बन्धी नीति, योजना निर्माण गरी लागु गर्न सकेको खण्डमा यस कार्यक्रमले सम्पूर्ण दृष्टिविहीन विशेष बालबालिकाहरुलाई समेटनुका साथै उनीहरुको सिकाइमा समेत प्रगति हुने देखिन्छ र बालबालिकाहरुको जीवन पद्धतिमा परिवर्तन गर्न यस्तो शिक्षाले सहयोग पुऱ्याउँछ भने विशेष शिक्षाको व्यवस्थापनका विभिन्न समस्याहरु समाधान गर्न सम्बन्धित पक्षहरुले प्रयास गरेको छन् र अझ बढी प्रयास गर्नु पर्छ । यसैगरी विशेष शिक्षा स्रोत शिक्षकहरुलाई स्थानीय स्तरमा नै शैक्षिक सामग्री निमार्ण र तालिमको व्यवस्था गर्नुपर्छ जसले गर्दा शैक्षिक गुणस्तर वृद्धि गर्नमा सहयोग पुग्दछ ।

## ५.३ सुझावहरु

यस अध्ययनमा तथ्याङ्क विश्लेषण एवम् निष्कर्षका आधारमा विशेष शिक्षालाई प्रभावकारी बनाउन निम्नानुसारको सुझाव तथा  सिफारिस प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तहका लागि सुझावहरु

विशेष शिक्षा कार्यक्रम अर्न्तगतका स्रोत कक्षाहरु संचालित गर्नको निमित्त राष्ट्रिय र स्थानीय स्तरमा उपयुक्त नीतिको आवश्यकता पर्दछ । तसर्थ नीतिगत तहका लागि निम्न सुझावहरु रहेका छन् :

१. विशेष शिक्षा संचालनका लागि शिक्षा ऐन तथा नियमावलीहरुमा विशेष शिक्षा सम्बन्धित नीति, नियमहरु प्रष्ट रुपमा उल्लेख गरिनु पर्ने र भौगोलिक अवस्था र त्यहाँको जनसमुदायका समस्याहरुको अध्ययन गरी नीति तर्जुमा र कार्यान्वियन पक्षमा जोड दिनुपर्ने देखिन्छ ।

२. गुणात्मक शैक्षिक विकासका लागि शिक्षाको तलब भत्ता बाहेक अन्य सुविधाहरुको लागि पर्याप्त आर्थिक अनुदान जुटाउनु पर्ने साथै जिल्लाका सम्पूर्ण दृष्टिविहीन बालबालिकाहरुलाई समेटने गरी स्रोतकक्षाहरु थप गरिनु पर्ने र त्यसलाई व्यवस्थीत रुपमा संचालन गर्न वेलाबेलामा अनुगमन र निरीक्षण गर्नु पर्ने देखिन्छ ।

३. विशेष शिक्षा संचालित विद्यालयहरुमा १/१ जना मात्र स्रोत शिक्षाको व्यवस्था भएबाट उनीहरु विदामा बस्दा १ स्रोत शिक्षकले सबै स्रोत कक्षामा अध्यापन गर्न गराउन नसक्ने भएकोले स्रोतकक्षा नै बन्द गर्नुपर्ने अवस्था भएकोले प्रत्येक स्रोतकक्षामा शिक्षक दरबन्दी थप गरिनु पर्ने साथै विशेष शिक्षा स्रोत शिक्षकहरुलाई तालिम पर्याप्त देखिदैन तसर्थ स्रोत शिक्षक तथा आयाहरुलाई समय समयमा पुनर्ताजगी तालिमको व्यवस्था गरिनु पर्ने देखिन्छ ।

४. हाल सम्म पनि राष्ट्रिय पाठ्यक्रममा विशेष शिक्षा सम्बन्धी पाठ्यक्रम समावेश नगरिएकोले विशेष शिक्षालाई पनि राष्ट्रिय पाठ्यक्रम भित्र समेटेर पाठ्यक्रम निमार्ण गरिनु पर्ने । हाल संचालन भै रहेको स्रोतकक्षाहरुमा दृष्टिविहीन जस्ता विशेष बालबालिकाहरुका लागि उपयोगी हुने पुस्तकालय, खेलमैदान, शौचालय, शैक्षिक सामग्रिहरुको उपलव्दता गराउनु पर्ने देखिन्छ ।

### ५.३.२ अभ्यास तहका लागि सुझाव

अनुसन्धानका क्रममा देखिएका समस्या समाधानका व्यवहारिक सुझावहरु नै अभ्यास तहकालागि सुझाव मानिन्छ । दृष्टिविहीन बालबालिकाहरुलाई उनीहरुको आवश्यकता र क्षमता अनुसार शिक्षा प्रदान गरेर व्यवहारमा परिवर्तन ल्याउन सक्नु पर्छ । तसर्थ अभ्यास तहका लाीग निम्न सुझावहरु प्रस्तुत गरिएको छ :

१. विद्यालयमा विशेष बाल बालिकाहरु प्रति हुने भेदभाव हटाउन क्लब, निमार्ण तथा समिति निर्माण गरी अन्य साधारण विद्यार्थीहरुलाई पनि विशेष बालबालिकाहरुलाई सहायता गर्ने वातावरण तयार गर्ने र उनिहरुका लागि जागरण मुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ।
२. विद्यार्थी संख्या बढाउन शिक्षकले विशेष शिक्षाको महत्व बुझाउन घरदैलो कार्यक्रम गर्नु पर्ने र अभिभावकहरुमा विद्यालय प्रति अपनत्वको भावना जागृत गराउन अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्ने।
३. विशेष बालबालिकाहरुलाई शिक्षकले समान व्यवहार र माया ममता गर्नु पर्ने साथै विद्यालयमा शैक्षिक सामाग्रीहरुको प्रयोग गरी पढाउदा सिकाइ गर्न सजिलो हुने हुदा शिक्षकले विषयवस्तु अनुसारको स्थानीय स्तरमा पाइने र कम मूल्य पर्ने सामग्री प्रयोग गर्नु पर्ने।
४. विद्यालयलाई आर्थिक स्रोत जुटाउन सरकारी गैर सरकारी संस्था क्लब आदिसँग सहयोग मागी पुस्तकालय, कम्प्युटर, प्रयोगशाला आदिको व्यवस्था गर्न सहयोग गर्नु पर्दछ।
५. विद्यालयको अनुगमन र निरीक्षण नियमित रुपमा गर्नुपर्ने साथै विद्यालय अनुगमन र निरीक्षणको जिम्मेवारी समुदायलाई पनि व्यवहारिक रुपमा दिनु पर्ने व्यवस्था गर्नु पर्ने हुन्छ।

**५.३.३ अनुसन्धान तहका लागि सुझाव**

दृष्टिविहीन बालबालिकाहरुको स्रोत विद्यालय शिक्षा प्रतिको धारणा शीर्षकमा गरिएको यस अध्ययनले आगामि दिनहरुमा थप अनुसन्धानलाई मार्ग दर्शन प्रदान गर्नेछ। सिमित क्षेत्रमा गरिएको प्रस्तुत शीर्षकले अध्ययनलाई गहन रुपमा मनन् गरेर थप सम्भाव्य शीर्षकमा अनुसन्धान गर्न समेत मदत गर्नेछ । तसर्थ अनुसन्धान तहका लागि गुणात्मक शिक्षा विकासको लाीग विशेष शिक्षा कार्यक्रमको कस्तो भूमिका रहन सक्छ यस विषयमा पनि अुसन्धान गर्नुपर्ने देखिन्छ। दृष्टिविहीन बालबालिकाहरुको स्रोत विद्यालय शिक्षा प्रतिको धारणा लाई स्पष्ट पार्ने प्रकृतिका अतिरक्त कार्यक्रमहरु विद्यालयमा संचालन गर्नुपर्ने देखिन्छ र स्रोत विद्यालय शिक्षाले दृष्टिविहीन बालबालिकाहरुको दैनिक जीवनमा अन्य सबल समाजका व्यक्ति सरह आत्मनिर्भरता प्रदान गर्ने किसिमका सीपमुलक र प्रयोगात्मक शिक्षालाई प्राथमिकता दिएर आत्म मनोवल बढाउने किसिमको हुनु आवश्यक देखिन्छ।

## सन्दर्भसूची


शिक्षा विभाग, (२०५७),*विशेष शिक्षा तालिम कार्यक्रम पुस्तिका,* वर्ष २ अंक ४ सानो ठिमी भक्तपुर ।

आचार्य, माधव प्रसाद (२०५७), *शिक्षामा समानता,* वर्ष ३, अंक ४, काठमाण्डौंः नेपाल अपाङ्ग समाज ।

आचार्य, माधव प्रसाद(२०५५)*सबैका लागी समतामूलक शिक्षा, अपाङ्ग सशक्तिकरण,* वर्ष १, अंक ९ , काठमाडौंः नेपाल अपाङ्ग समाज ।

अधिकारी, विष्णु प्रसाद (आयोगको प्रतिवेदन २०४९) *विद्यालय निरीक्षण दर्पण,* काठमाडौंः स्टुडेन्ट बुकस पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

तथ्याङ्क विभाग(२०६८), तथ्याङ्क सूचना सामग्री, काठमाण्डौं ।

विशेष शिक्षा सूचनामुलक पुस्तिका,(२०६०), शिक्षा विभाग, सानो ठिमी भक्तपुर ।

शैक्षिक सूचना संगालो, (२०६८), शिक्षा विभाग, सानो ठिमी भक्तपुर ।

शिक्षा विभाग, (२०६०) शिक्षा मासिक, सानो ठिमी भक्तपुर ।

कार्की, उपेन्द्र कुमार, (२०६४), *सामाजिक न्याय शिक्षा,* काठमाडौंः डंगोल प्रिन्टर्स ।

काफ्ले, बासुदेब र आचार्य, माधव प्रसाद (२०६५), *शिक्षामा सामाजिक न्याय,* काठमाडौंः सनलाईट पब्लिकेसन ।

कोईराला, विधानाथ र श्रेष्ठ, चन्द्र बहादुर (२०६४), *शैक्षिक व्यवसथापन र संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भणडार ।

शर्मा, चुडामणी (२०७०) *नेपालमा शिक्षाको ईतिहास,* काठमाडौंः मकालु पव्लिकेशन ।

शिक्षा विभाग, (२०५४)*जागरण पुस्तिका,* विशेष शिक्षा शाखा सानो ठिमी भक्तपुर ।

शर्मा, चिरञ्जिवी र शर्मा , निर्मला २०५९) *शिक्षा दर्पण,* भोटाहिटी पव्लीकेशन ।

शर्मा, गोपीनाथ (२०६०) *नेपालमा प्राथमिक शिक्षा,* मकालु पव्लीकेशन ।

शिक्षा, ऐन (२०२८), *बौद्धिक दर्पण,* काठमाण्डौः पुतलीसडक ।

शिक्षा विभाग (२०६०),*विशेष शिक्षा सूचनामूलक पुस्तिका,* विशेष शिक्षा शाखा,सानोठिमी, भक्तपुर ।

शिक्षा विभग (२०६२), समाहित विद्यालय, *परिवर्तित विद्यालय* , आधारभुत समाहित शिक्षा तालिम पुस्तिका, समाहित शिक्षा शाखा, सानोठिमी, भक्तपुर ।

शिक्षा नियमावली (२०५९), *बौद्धिक दर्पण पुस्तक भण्डार,* काठमाडौं ।

शिक्षा विभाग (२०५९), *लेखाजोखा सामग्री,* विशेष शिक्षा शाखा, सानोठिमी, भक्तपुर ।

*विशेष शिक्षा नीति* (२०५३), विशेष शिक्षा परिषद काठमाडौं ।

शर्मा, गोपीनाथ ( २०५९), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनरी ।

शिक्षा विभाग (२०६०) , *विशेष शिक्षा सञ्चलन सम्बन्धि निर्देशिका,* सानोठिमी, भक्तपुर ।

CERID (2004) , *Situation Analysis of special Needs.* Education for the Expansion of Inclusive Education , Balkhu , Kathmandu .

Mark , V. (2005). *Education and children with special Ne*eds. New Delhi : Sage publications.

Natilie, M. (1974). *Teaching the Mentally returded Child*, 2nd Edition, New York : Columbia University Press.

National Planning commission (2001), *Situation Analysis of Diasablity in Nepal*, Kathmandu .

## अनुसूची १

## प्रधानाध्यापक, श्रोत शिक्षक, विद्यार्थी लागि अन्तरवार्ता प्रश्नावली

**(क) प्रधानाध्यापकहरुको निमित्त तयार गरिएको प्रश्नावली**

१. प्रधानाध्यापकमा बसेको अवधि र प्रधानाध्यापक व्यवस्थापन तालिम लिएको: ( )नलिएको: ( )

२. विद्यालयमा विशेष शिक्षा श्रोतकक्षा सञ्चालन भएको समयावधि कति भयो ?

३. कक्षा व्यवस्थापनमा क–कसले कस्तो सहयोग गरिरहनु भएको छ ?

४. विद्यालय व्यवस्थापन समितिद्वारा विशेष शिक्षा श्रोतकक्षा व्यवस्थापनमा सहयोग पुरयाएको छ ?

५. तपाईको विशेष शिक्षा अन्तर्गतका श्रोतकक्षाको आम्दानीको प्रमुख श्रोतहरु के के छन् ?

६. सो बमोजिम श्रोत संकलन गर्न सक्नु भएको छ /छैन ? यदि छैन भने त्यसको कारण के के छन् ?

७. उक्त श्रोतहरुले श्रोतकक्षा व्यवस्थापन गर्न पुग्छ ?

८. विशेष शिक्षा श्रोतकक्षा व्यवस्थापन गर्दा के कस्ता समस्याहरु आएका छन् ?

९. उक्त समस्या समाधान गर्न के के गर्नु भयो ?

**(ख) श्रोत शिक्षकको निमित्त तयार गरीएको प्रश्नावली**

१. तपाई श्रोत शिक्षकको रुपमा कहिले देखि कार्यरत हुनु हुन्छ ?

२. तपाईले हालसमम्म विशेष शिक्षा सम्बन्धि कुन कुन तालिम लिनु भएको छ ?

३. विद्यालयको आर्थिक एवं भैतिक सुविधा विस्तार गर्न वि.व्य.स./समुदायको सक्रिय सहभागिता छ /छैन ? यदि छ भने उनिहरुको ससहयोग कुन पक्षमा छ ? र छैन भने किन नभएको हो ?

४. प्रभावकारी शिक्षण सिकाइ कृयाकलापका लागि के के गर्नु हुन्छ ?

५. कुन कुन शैक्षिक सममग्रीहरु निर्माण र प्रयोग गर्नुभएको छ ?

६. शैक्षिक सामग्री निर्माणका लागि विद्यालयले सहयोग गरेको छ/छैन ?यदि छ भने के कसरी सहयोग गरेको छ ?

७. विशेष बालबालिकहरुलाई शिक्षण गर्दा केहि कठिनाई भएको छ /छैन ? यदि छ भने के के कुरामा कठिनाई भएको छ ?

८. ति कठिनाईहरुलाई तपांईले आफै निराकरण गर्न के कस्तो कोशिस गर्नु भयो ?

९. तपाईले प्र.अ. र अभिभावकहरुबाट सहयोग पाउनु हुन्छ ? यदि पाउनु भएको भए कस्तो सहयोग पाउनु भएको छ ?

१०. विशेष शिक्षाको तालिम सम्बन्धमा यहाँको धारणा के छ ? थप के कस्ता तालिमहरुको महशुस गर्नुभएको छ ?

११. बालबालिकाको शिक्षण सिकाईमा देखा परेका मुख्य समस्याहरु के के छन् ?

१२. ती समस्याहरु समाधान गर्न तपाइले के के गर्नु भएको छ ?

१३. विशेष शिक्षालाई अझ प्रभावकारी बनाउन के के गर्नु पर्ला ?

**(घ) विद्यार्थीहरुको निमित्त तयार गरीएको प्रश्नावली**

१. शिक्षकले पढाएको बुझिन्छ ?

२. पढाएको कुरा बुझिदैन भने कुन कुन कुरा बुझिदैन ?

३. शिक्षकले तिमीहरुलाई विद्यालयमा कस्तो व्यवहार गर्नु हुन्छ ?

४. शिक्षकले पढाउदा शैक्षिक सामग्रीहरुको प्रयोग गर्नु हुन्छ ?

५. शिक्षकले कस्तो कस्तो सामग्रीको प्रयोग गर्नु हुन्छ ?

६. कक्षामा पढाई हुने विषयमा कुन कुन विषय सजिलो र कुन कुन विषय गाह्रो लाग्छ ?

७. गाह्रो लाग्ने कुरा शिक्षकसंग सोध्ने गरेको छ /छैन ? यदि छैन भने किन नसोधेको ?

८. विद्यालयमा तिमीहरुप्रति अरु साथीको व्यवहार राम्रो वा नराम्रो के छ ?

९. यदि नराम्रो छ भने के भन्ने गर्दछन् ?

१०. विद्यालयको अतिरिक्त क्रियाकलापमा तिमी सम्मिलित भएको छौ ?

११. सम्मिलित भएको भए के के मा सम्मिलित छौ ? र सम्मिलित नभए किन सम्मिलित नभएको ?

१२. विशेष शिक्षा पढ्न किन आएको ? यस कक्षामा पढेका कुराबाट के पाएको महसुश भएको छ ?

१३. कक्षा लिन पाउँदा कस्तो अनुभव भएको पाएका छौ ?

१४. यहाँ पढ्दा र नपढ्दामा समाजले हेर्ने दृष्टिकोणमा के फरक पाएका छौ ?

१५. शिक्षकले के कस्ता क्रियाकलाप गराउनु हुन्छ शिक्षकले गराएको क्रियाकलाप पर्याप्त छ ? छैन भने किन ?

१६. शिक्षकले तिमिहरुप्रति कस्तो व्यवहार देखाउनुहुन्छ ?

१७. विद्यालयको सिकाइले तिमिहरुको वास्तविक जीवनमा सहयोग गरेको छ ? कस्तो सहयोग गरेको छ ? छैन भने किन ?

१८. तिमिहरुलाई यो शिक्षा कस्तो भैदिए अझै राम्रो हुन्थ्यो जस्तो लागेको छ ?

## स्रोत शिक्षकका लागि सोधिएका प्रश्न र प्रतिक्रिया

| प्रश्न | शिक्षकको प्रतिक्रिया | |
|---|---|---|
| | परिवर्तित नाम (एस) | परिवर्तित नाम (ए) |
| १.तपाई कहिले देखि कार्यरत हुनु हुन्छ ? | वि.सं. २०५४ सालबाट | वि.सं. २०६५ मंसिर ४गतेबाट |
| २. तपाईले हालसमम्म दृष्टिविहीन शिक्षा सम्बन्धि कुन कुन तालिम लिनु भएको छ ? | १ महिने तालिम २०५४ सालमा र १२ दिने जागरण तालिम २०६१ सालमा लिएको | अहिले सम्म तालिम पाएको छैन, तालिम नै संचालन भएको छैन । |
| ३. शिक्षण सिकाइ कृयाकलापका कसरी गर्नु हुन्छ ? | टेप रेकर्डरको प्रयोग गरेर र ब्रेल लिपी भएको पाटिको प्रयोग गरेर | टेप रेकर्डरको प्रयोग गरेर र ब्रेल लिपी भएको पाटिको प्रयोग गरेर |
| ४.कुन कुन शैक्षिक सामग्रीहरु निर्माण र प्रयोग गर्नु भएको छ ? | श्रव्य सामग्री, विभिन्न सीप सिकाउने पजल बक्स, शिक्षक निर्मित ब्रेल लिपीको पाटि वा बोर्ड,टेपरेकर्ड, क्यासेट | श्रव्य सामग्री, विभिन्न सीप सिकाउने पजल बक्स, शिक्षक निर्मित ब्रेल लिपीको पाटि वा बोर्ड,टेपरेकर्ड, क्यासेट |
| ५.शैक्षिक सामग्री निर्माणका लागि विद्यालयले सहयोग गरेको छ/छैन? कसरी सामग्रिहरु जुटाइ रहनु भएको छ? | विद्यालयले सहयोग गर्नु भनेको सामग्रिको माग गर्नु र उपलब्ध गराउने प्रयोस हो त्यो गरिरहेको छ , पहल गरिरहेको छ,उपलब्ध भने भएको छैन । | खासै सक्रियता जनाएको र सामग्री उपलब्ध गराएको छैन यसलाई कसरी बुझ्ने, सामग्री जुटाउने काम प्लाइमा काटि ठोकी ब्रेल पाटि बनाएको छ त्यसकै प्रयोग गरिएको छ र टेप रेकर्डर छ । |
| ६. शिक्षण गर्दा केहि कठिनाई भएको छ /छैन ? यदि छ भने के के कुरामा कठिनाई भएको छ | पाठ्यपुस्तक शैक्षिक सामग्रि र शिक्षक निर्देशिका साथै तालिम | दृष्टिविहीनलाई शिक्षण गर्नुछ त्यो पनि शैक्षिक सामग्रि नै छैन भएका पनि सिमीत र पुराना छन्, विद्यार्थीका लागि |

| | | |
|---|---|---|
| ? | केही छैन यस्तो अवस्थामा धेरै कठिन छ । | चाहिने महत्वपुर्ण सामग्रि नै छैनन् । |
| ७. ति कठिनाईहरुलाई तपांईले आफै निराकरण गर्न के कस्तो कोशिस गर्नु भयो ? | तालिम बाट प्राप्त गरेका सीपको प्रयोग गरेर र आफैले निर्माण गरेका सामग्रिको प्रयोग गरेर | शिक्षक निर्मीत सामग्रिको प्रयोग गरेर |
| ८. बालबालिकाहरुको रुची के मा पाउनु भएको छ र त्यसलाई कसरी पुरा गर्दै आउनु भएको छ ? | पढ्नमा रुची राख्दछन्, विशेष रुची संगितमा रहेको छ, त्यो सामग्रि, शिक्षक, र वातावरणका कारण सम्भव भएको छैन । | विशेष रुची संगित र कम्प्युटरमा रहेको छ । त्यो पुरागर्न सक्ने अवस्था यहाँछैन सम्बन्धित निकायले खासै चासो नदिएकोले समस्या रहेको छ । |
| ९. बालबालिकाको शिक्षण सिकाईमा देखा परेका मुख्य समस्याहरु के के छन् ? | समस्या त धेरै छन् जस्तै गृहकार्य गर्न, अभ्यास गर्न, पाठ्यपुस्तकको कमीले समस्या छ डेक्स बेन्चको सम्स्या छ विद्यार्थी मैत्री छैनन् । | समस्या त धेरै छन् जस्तै गृहकार्य गर्न, अभ्यास गर्न, पाठ्यपुस्तकको कमीले समस्या छ डेक्स बेन्चको सम्स्या छ विद्यार्थी मैत्री छैनन् । |
| १०. विशेष शिक्षालाई अझ प्रभावकारी बनाउन के के गर्नु पर्ला ? पाठ्यपुस्तक र शैक्षिक सामग्रीहरु सबै विद्यार्थीका लागि पर्याप्त छन्/छैनन् ? छैनन् भने कसरी शिक्षण तथा गृहकार्यहरु गराई रहनु भएको छ ? | पर्याप्तशैक्षिक सामग्रिको उपलब्ध गराउनु पर्दछ, बालबालिकाहरुका लागि पर्याप्त शैक्षिक सामग्रि छैनन् गृहकार्य ब्रलपेपरमा गरेर ल्याउन दिन्छौ र आयालाई सहयोग गर्न लगाउँछौ । | पर्याप्त शैक्षिक सामग्रिको उपलब्ध गराउनु पर्दछ, बालबालिकाहरुका लागि पर्याप्त शैक्षिक सामग्रि छैनन् गृहकार्य ब्रलपेपरमा गरेर ल्याउन दिन्छौ र आयालाई सहयोग गर्न लगाउँछौ । |

## प्रधानाध्यापकका लागि सोधिएका प्रश्न र प्रतिक्रिया

| प्रश्न | शिक्षक प्रतिक्रिया |
|---|---|
| १. विद्यालयमा दृष्टिविहीन सम्बन्धी विशेष शिक्षा श्रोतकक्षा सञ्चालन भएको समयावधि कति भयो ? | १६ बर्ष भयो वि.सं. २०५४ सालबाट संचालनमा आएको हो । |
| २. दृष्टिविहीन बालबालिकाहरुलाई अध्यापन गर्नका लागि कक्षा व्यवस्थापनमा क–कसले कस्तो सहयोग गरिरहनु भएको छ ? | ब्यवस्थापन समिति र समुदाय, शिक्षक, अभिभावक, विद्यार्थी सबैको सहयोग रहेको छ तर समुदाय र व्यवस्थापन समितिले कम सक्रियता देखाएको छ जसले गर्दा अध्यापनका लागि शिक्षकलाई तालिममा छनौट गर्न सकिएको छैन । त्यसैगरी जिल्लाशिक्षा कार्यालयले पर्याप्त शैक्षिक सामग्रि उपलब्ध गराउन नसकेको अवस्थाले संचालनमा कठिनाइ आएको छ । |
| ३.दृष्टिविहीन सम्बन्धी विशेष शिक्षा अन्तर्गतका श्रोतकक्षाको लागि विद्यार्थीका लागि शैक्षिक सामग्रिहरु कसरी जुटाइरहनु भएको छ ? | सुरुमा जिल्ला शिक्षा कार्यालयले प्रदान र उपलब्ध गराएका सामग्री द्वारा र हाल शिक्षक आफैले निर्माण गरिएका ब्रेल पुस्तकहरुका माध्यमबाट । |
| ४.कक्षामा दृष्टिविहीन बालबालिकाको उपस्थिति कस्तो रहेको छ र शिक्षा प्रतिको उनीहरुको रुची कस्तो रहेको छ ? | पहिलेको तुलनामा अनि कम रहेको छ तर जति उपस्थीति छ तिनिहरुको पढाइमा राम्रो झूकाव रहेको छ । |
| ५. पहिले भन्दा अहिले कम उपस्थीति हुनुमा तपाई के देख्नु हुन्छ ? | कमहुनुको कारण पर्याप्त शैक्षिक सामग्री र पाठ्यपुस्तकको अभाव नै हो । पहल गर्दापनि कुनै पहलको सुनुवाइ सम्बन्धित निकायले नगर्दाको परिणाम मान्नु पर्दछ । |
| ६.दृष्टिविहीन बालबालिकाहरुका लागि आवश्यक पाठ्यपुस्तकहरुको उपलव्धता कस्तो रहेको छ र कसरी त्यसको व्यबस्थापन गरिरहनु भएको छ ? | पाठ्यपुस्तक शैक्षिक सामग्रि र शिक्षक निर्देशिका साथै तालिम केही छैन यस्तो अवस्थामा धेरै कठिन छ । दृष्टिविहीनलाई शिक्षण गर्नुछ त्यो पनि शैक्षिक सामग्रि नै छैन भएका पनि सिमीत र पुराना छन्, विद्यार्थीका लागि चाहिने महत्वपुर्ण सामग्रि नै छैनन् । |
| ७. दृष्टिविहीन बालबालिकाहरु मुख्यगरी कस्ता | मुख्यगरी पाठ्यपुस्तकको अभावले फूर्सदको समयमा |

| | |
|---|---|
| कस्ता समस्या लिएर तपाई समक्ष आउने गर्दछन् र तपाइले ती समस्यालाई कसरी समाधान गर्ने गर्नुहुन्छ ? | र कक्षामा अभ्यास र गृहकार्य गर्न नपाएको गुनासो लिएर आउने गर्दछन् । त्यस्तो समस्याको समाधानको लागि शिक्षकलाई टेपरेकर्डको माध्यम द्वारा चक्कामा कपी गरी प्रदान गर्न सल्लाह दिने गर्दछु र गरेको छु अहिले सम्म अरु विकल्प नै छैन । |
| ८. दृष्टिविहीन बालबालिकाहरुलाई शिक्षण गर्ने क्रममा एकिकृत कक्षामा राखेर कसरी शिक्षण गरिरहनु भएको छ ? त्यहाँ के कस्ता पक्षको व्यवस्थापन कसरी गर्दै आउनु भएको छ ? | दृष्टिविहीनलाई कक्षाको अगाडि डेक्स वेन्चमा राखेर उनीहरुले बुझ्ने गरि बताइ दिएर र टेप रेकर्डको प्रयोग गरेर अन्य सवल विद्याथीहरुलाई उनीहरुले सोधेका प्रश्नको जवाफ दिइ सहयोग गर्न लगाएर तर विज्ञान र गणित शिक्षण गर्न धेरै कठिन भइरहेको छ । कम्प्युटरको कमिले र अभावले सो कठीनाइ आइरहेको छ । र अहिले सम्म कुनै व्यवस्था गर्न सकिएको छैन, सम्बन्धित पक्षले पनि वास्ता नराखेकोले समस्या झन जटिल बन्दै गइरहेको छ । |
| ९. शिक्षाप्रति दृष्टिविहीन बालबालिकाहरुको आकर्षण र प्रगति कस्तो रहेको छ ? उनीहरुको लागि के कस्ता अतिरिक्त क्रियाकलापहरु संचालन गर्दै आउनु भएको छ ? | राम्रो रहेको छ । पाठ्यपुस्तक र शैक्षिक सामग्रिको अभावमा पनि प्रगति राम्रो रहेको छ । अतिरिक्त क्रियाकलाप अन्तर्गत मैनबत्ति निर्माण गर्ने र अगरवत्ति बनाउने तालिम संचालन गरिएको छ । |
| १०. दृष्टिविहीन बालबालिकाहरुको विशेष रुची केमा रहेको पाउनु भएको छ र त्यसप्रति के कस्ता कार्यहरु संचालन गर्दै आउनु भएको छ ? उनीहरुको उपस्थितिदर कक्षामा कस्ता रहेको छ के नियमित कक्षामा आउने गर्दछन् ? | संगीतमा रुची रहेको छ । त्यसप्रति कुनै कार्यक्रम संचालन गर्न सकिएको छैन । उपस्थीत दर राम्रो र नियमीत रहेको छ । पढाइप्रति अभिरुची राम्रो रहेको छ । |
| ११ बालबालिकाहरुका लागि आवश्यक डेक्स वेन्च, कक्षाकोठा, शैक्षिक सामग्रिको व्यवस्थापन कसरी गर्दै आउनुभएको छ ? | व्यवस्थापन समीति र समुदायको सहयोगबाट |

## अनुसूची २

**कक्षा अवलोकन फारम**

| | |
|---|---|
| डेक्स /वेन्च | २ वटा/२ वटा |
| कुर्षी /चकटी | ५ वटा/४वटा |
| पाठ्यपुस्तक | ब्रेल लिपीका पुराना १२थान र शिक्षक निर्मित ४ थान |
| ढोकाको अवस्था | धारिलो धार भएको ढोका |
| स्रोत कक्षा कोठाको अवस्था | टिनले छाएको, पुरानो जिर्ण अवस्थामा रहेको, छिद्रा छिद्रा परेका, पानी पर्दा ओत लाग्न कठीन कक्षा कोठाभित्र पानी पर्ने, ढोकामा अग्लो ढील भएको |
| खेलकुदका सामग्री | केही पनि नभएको, थप शैक्षिक सामग्रीहरु केही नभएको, कक्षाकोठा भित्र छरपष्ट अवस्थामा भएका शैक्षिक सामग्रीहरु रहेको । |
| शिक्षणको अवस्था | शिक्षकले विद्यार्थीलाई ध्यान दिएर पढाएको अवस्था नदेखिएको, कक्षा कार्य दिई आफु वाहीर गएर गफ गर्ने र विद्यार्थीले वोलाएपछि आएर रुजु गर्ने प्रवृति देखिएको । |

**विद्यालय अवलोकन फाराम**

| | |
|---|---|
| भवन | साधारण कक्षा तर्फ पक्की भवन रहेको । स्रोत कक्षा तर्फ गोरो पक्की सिमेन्ट र ईटाले वनाएको र छानो भने टिनको रहेको । भवन वरीपरि वाल लगाईएको । |
| खेल मैदान | खेल मैदान साधारण वालवालिकाहरुका लागि विद्यालय हाताभित्रै ठुलो भू-भाग ओगटेको, दृष्टिविहीन वालवालीकाहरुका लागि छुट्टै खेल मैदान नभएको । |
| शिक्षकको नियमितता | शिक्षक नियमित कक्षा आएको पाईयो । तर वढी समय कक्षाकोठा वाहीर रहेको पाईयो । |
| स्रोत शिक्षकको अवस्था | २ जना मात्र स्रोत कक्षा शिक्षक रहेको जसमा एक जना करारमा नियुक्ती रहेको पाईयो । एक जना शिक्षक मात्र तालिम प्राप्त रहेको र अर्का एकजना करारमा रहेका शिक्षक भएको कारण तालिममा सम्लग्न नरहेको । |
| एकिकृत कक्षा/ | दृष्टिविहीन वालवालीकाहरुलाई कक्षाको सवै विद्यार्थी भन्दा अगाडि राखेर शिक्षण |

| | |
|---|---|
| शिक्षणको अवस्था | गर्ने गरिएको । पटक पटक दृष्टिविहीन वालवालिकाहरुलाई नै विषयवस्तुको वारेमा प्रश्न सोध्ने र उनिहरुले नजानेमा अन्य सोही कक्षाका वालवालिकाहरुलाई भन्न लगाउने र शिक्षकले टेप रेकर्डको सहायताले शिक्षण गर्ने गराउने गरेको पाईयो । |
| चमेना गृह | एउटा चमेना गृहको व्यवस्था रहेको, चमेना गृहको भवन चित्राको वेरा रहेको टिनको छानो भएको, २ वटा ग्यासको सिलिन्डर, २ वटा चुलो र ३५ वटा थाल, प्लेट, चम्चा ५० वटा र गीलास ३५ वटा, वटुका ३५ वटा र चिया नास्ता पकाउने १/१ जोर भाँडा रहेको पाईयो । |
| छात्रावास | दृष्टिविहीन वालवालीकाहरुको लागि मात्र १ तले पक्की भवन भएको २ जना सुत्न मिल्ने ६ जोर खाट रहेको भुईमा चकटी ओच्छ्याईएको र ६ जोर शिरक डस्ना र कपडा राख्ने आल्ना ३ वटा रहेको पाईयो । |
| शौचालय | ३ वटा शौचालयको भवन रहेको तर अपाङ्गता मैत्री शौचालय नभएको पाईयो । सवल वालवालिका र दृष्टिविहीन वालवालिकाहरुका लागि एकै शौचालयलाई प्रयोगमा ल्याईएको पाईयो, छात्र र छात्राको लागि भने छुट्टछुट्टै शौचालय रहेको । |